नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

**ईश्वर पोखरेलको**
**अध्यक्षमा उम्मेदवारी घोषणा**



समाचार पृठ ८ मा

वर्ष ४ • अंक १६ • २०८२ साल मंसिर १० गते बुधबार • Wednesday 26, November 2025 • सूर्योदयः बिहान ०६:३२ बजे • सूर्यास्तः साँझ ५:१२ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

# मिथिलाः भगवान् रामसँग हास–परिहास

**विजेता चौधरी कर्ण**
**जनकपुरधाम ।**

*चलु सखी हिलमिल जनकके आँगन, दुल्हा बनल श्री राम हे ।*

जनकपुरधाममा विवाह पञ्चमीको उत्साह छ । धार्मिक पर्यटकको आगमन र विवाहका अनेक विधिहरू शुरु भएसँगै जानकी मन्दिर परिसर नै विवाहमय हुन्छ । त्रेता युगमा मार्गशीर्ष शुक्ल पञ्चमीको दिन सीतारामको विवाह भएको सम्झनास्वरूप मिथिलामा धुमधामका साथ विवाह पञ्चमी मनाउने गरिन्छ । मिथिलाबासीका लागि विवाह पञ्चमी महान चाड जत्तिकै हो । विवाह पञ्चमीको बेला जनकपुरको वातावरणमा समेत विवाहमय उत्साह फैलिएको हुन्छ ।

मिथिलाको घर–घरमा विवाह पञ्चमीको उत्सव मनाउने चलन छ । उत्सवमा महिला र पुरुष व्रत बसी भगवान रामसीताको पूजा–अर्चना गर्ने परम्परा छ । मिथिलाको आफ्नै मौलिक विवाह परम्परा रहेको छ । यसमा मटकोर र सिन्दुर दान गर्ने पद्धति यथावत छ । सोही प्राचीन विवाह संस्कार र संस्कृतिअनुसार दुई बालक वा बालिकालाई राम र सीताको प्रतीकस्वरूप बनाएर सम्पूर्ण विधिअनुसार विवाहको संस्कार पूर्ण गरिन्छ । यसमा मटकोर, तिलकोत्सव, स्वयंवर, विवाह र रामकलेवापछि विवाह पञ्चमी विधिवतरुपमा सम्पन्न हुन्छ । यद्यपि, यो एउटा झाँकीको रूपमा मात्र प्रस्तुत गरिन्छ ।

यी सबै विधि सम्पन्न भइरहँदा मिथिलाकी नारी मुक्तकण्ठले भगवान रामसँग परिहास गर्छिन् । अर्थात् गीत गाएर भगवान रामचन्द्रलाई गिज्याउने गर्छन् । संस्कृतिविद्–साहित्यकार रेवतीरमण लालका अनुसार मिथिलामा सालीहरूले भेनाज्यूसँग, देवरले भाउजू र भाउजूले देवरसँग रमाइलो परिहास गर्ने परम्परा छ । किम्बदन्तीअनुसार रामसीता विवाहकै बेला पनि मिथिलाकी नारीहरूले रामचन्द्र र उनका भाइ–जन्तीलाई विभिन्न राग सुनाउँदै परिहास गरेर रमाइलो गरेका थिए । यस्तै एउटा गीतमा भनिएको छः

*'सखी हे ! रसे–रसे दुलहा चलै छथि कोना*
*जेना कोल्हुआ के बरद घुमैअछि तेना ।'*

गीतको माध्यमबाट मिथिलानीले परिहास गर्दै भन्छिन्, सखी ! विवाहको बेदीलाई दुल्हाले विस्तारै यसरी घुम्दैछन्, मानौँ उनी कोल्हुका गोरु हुन् । मिथिलामा जहाँ सीताजीलाई बहिनी अथवा चेलीको रूपमा हेर्ने गरिन्छ, त्यही भगवान रामलाई ज्वाइँको रूपमा पूजा गर्नुका साथै मखौल अर्थात् हास–परिहास गर्ने चलन छ । मिथिला सीताजीको माइती भएको नाताले भगवान रामको ससुराली हुने नै भयो । त्यही भएर भगवान रामलाई गालीस्वरूप परिहास गर्ने अधिकार मिथिलाकी महिलाले मात्र पाएको सन्तहरूको भनाइ छ ।

यस्तै अर्को एउटा गीतमा रामलाई सम्बोधन गर्दै महिलाहरू गाउँछन्,

***हे धनुरधारी ! कसैले गाली दिनुभन्दा पहिले तपाईं आफैँ बताइदिनुस्***
***एक भाइ गोरो र अर्को भाइ कालो कसरी हुनुभयो ?***
***कसरी फुलेको दाढीबाला वृद्ध तपाईंका पिताले तीन–तीन वटी श्रीमती राख्न सक्नुभएको ?***
***तपाईं आफैं बताइदिनुस् न ।***

- **यसरी मनाइन्छ विवाहका विधि**

गोस्वामी तुलसी दासले रामायणमा गरेको वर्णनअनुसार मिथिलाकी राजकुमारी सीताको विवाह अयोध्याका राजकुमार रामसँग भएको दिनको सम्झना गर्दै प्रत्येक वर्ष विवाह पञ्चमी मनाउने परम्परा छ । त्रेता युगमा मार्गशीर्ष शुक्ल पञ्चमीको दिन रामसीताको विवाह भएको सम्झनास्वरुप जनकपुरको प्रख्यात जानकी मन्दिरमा पनि सप्ताहव्यापी रूपमा विवाह पञ्चमी महोत्सवको आयोजना हुने गरेको छ ।



सप्ताहव्यापी रुपमा मनाइने विवाह पञ्चमीको पहिलो दिन नगर दर्शन गर्ने चलन छ भने दोस्रो दिन जानकी मन्दिरको छेउमा रहेको विवाह मण्डपमा फूलबारी लीला मनाउने गरिन्छ । रामायणमा वर्णन भएअनुसार राम–सीताको प्रथम भेट फूलबारीमा भएको थियो । गिरिजा पूजनको लागि फूल टिप्न गएकी सीताजी र रामजीको प्रथम भेट फूलबारीमा भएको थियो र त्यसपछि सीताजीले रामलाई नै वरको रूपमा पाउने कमना गरेको वर्णन पाइन्छ । त्यसैको स्मरणस्वरूप विवाह पञ्चमीमा फूलबारी लीला रचाउने गरिएको छ ।

विवाह पञ्चमीको तेस्रो दिनमा भने धनुष यज्ञको आयोजना हुने गर्छ । यसमा रामस्वरूप रहेका बालकले धनुष भाँचेर धनुष यज्ञ पूरा गर्छन् । संस्कृतिविद् रेवतीरमण लाल सुनाउँछन्, 'त्रेता युगमा पर्शुरामले शिव धनुष राजा जनकलाई प्रदान गरेको वर्णन रामायणमा पाइन्छ । कसैले हल्लाउन मात्र पनि नसक्ने धनुष जनक पुत्री सीताले सजिलै हटाएर त्यो स्थान लिप्ने र सफा गर्ने गरेको देखेपछि राजा जनक आश्चर्यमा पर्नुभएको थियो । अठोट लिएको थियो यतिधेरै बहादुर छोरीको विवाह उनैसँग गर्छु, जसले शिव धनुष उचाल्न सक्छ । सीता स्वयंवरमा धनुष यज्ञको आयोजना भएको वर्णन रामायणमा पाइन्छ । धनुष यज्ञमा कसैले उचाल्न नसकेको शिव धनु रामले सजिलै उचालेपछि राम–जानकीको विवाह भएको थियो ।'



मैथिली अभियानी पुनम झाका अनुसार जनकपुरमा धनुष यज्ञका लागि ठूलो मञ्च, धनुष र सभाको समेत आयोजना हुने गर्छ । जानकी मन्दिरका महन्त रामतपेश्वर दास र उनका उत्तराधिकारी महन्तका रूपमा रहेका रामरोशन दासले रामायणकालीन विवाह महोत्सवको झल्को दिने गरी सम्पूर्ण विधान पु¥याएर विवाह पञ्चमी मनाउँदै आएको छन् । त्यस्तै, चौथो दिन तिलकोत्सव र पाँचौँ दिन मटकोर, छैटौँ दिन विवाह समारोह र अन्तिम तथा सातौँ दिनमा रामकलेवाको आयोजना गरी विधिवत् रुपमा विवाह पञ्चमीको समापन हुन्छ ।

मैथिली अभियानी झाका अनुसार यी सम्पूर्ण विधिमा जनकपुरकी स्थानीय महिला र गायक कलाकारलाई बोलाएर विभिन्न संस्कारका गीत गाउने अभियान चलाइन्छ, जो यस उत्सवकै प्रमुख आकर्षणमध्ये एक हो । उनी भन्छिन्, 'जन्ती आउने भारतीय सीमा क्षेत्रका साधुसन्त र पर्यटकहरूलाई लक्षित गरी महिलाहरूले परिहासपूर्ण गीत सुनाउने गर्छन् ।

मिथिलामा कुनै पनि संस्कार वा विधि गीत नगाई सम्पन्न गरिन्न । विवाह, व्रतवन्ध, पूजा आदि प्रत्येक संस्कारको लागि विशेष गीत गाइन्छ ।'

*'हे पहूना ! एहि मिथिले रहु ना,*
*रोज सबेरे उबटन मलिक', इत्रसे नहबायब हे,*
*एक महिनाके भितर करियासँ गोर बनायब हे ।'*

गीतमा मिथिलाकी चेलीले भगवान रामलाई 'भेना'को सम्बोधन गर्दै मिथिलामा बस्न आग्रह गर्दै भन्छन्, 'मिथिलामा बस्नुभयो भने बिहानै (उबटन) एक प्रकारको लेप शरिरमा दलेर इत्रले स्नान गराइदिन्छौँ र एक महिनाभित्र तपाईंलाई कालोबाट गोरो बनाइदिन्छौँ ।'

जनकपुरस्थित राम मन्दिरबाट बाजागाजा र विशेष झाँकीसहित भगवान रामको प्रतिमालाई डोलामा राखी रङ्गभूभि मैदान (बाह्रबिघा) पु¥याइन्छ भने जानकी मन्दिरबाट सीताजीलाई विशेष डोलामा राखी मङ्गल गानसहित रङ्गभूमि मैदान लगिन्छ र त्यहाँ भव्य समारोहका बीच स्वयंवर विधि र परीक्षण विधि सम्पन गरी दुवै डोला अर्थात राम र सीताजीलाई जानकी मन्दिर ल्याइन्छ ।

रङ्गभूमि मैदानमा विवाह विधिको बेला भारतबाट आएका भक्तजन र श्रद्धालुसहितको जन्ती र स्थानीय मिथिलाबासीको बाक्लो उपस्थिति रहने गर्छ ।

हास–परिहास र मैथिली संस्कार गीतले वास्तविक विवाहको झल्को दिन्छ । यस समयमा आन्तरिक पर्यटकका साथै देश र छिमेकी देश भारतबाट समेत ठूलो संख्यामा धार्मिक पर्यटकको आगमन हुने गरेको जनकपुर–१० देवीचोक निवासी किशोर साह बताउँछन् ।

उनका अनुसार विवाह पञ्चमीमा मात्रै होटेल–धर्मशाला, मिठाई पसलदेखि पूजा सामग्री बेच्ने र कपडा पसलेको व्यापारमा उल्लेख्य वृद्धि हुन्छ । त्यस्तै ठूलो संख्यामा साधु–सन्तको घुइँचो हुने गर्दछ । मैथिली संस्कृतिको अभिन्न अङ्ग बन्न पुगेको विवाह पञ्चमीको रौनकता, जनकपुरमा मात्रै नभएर मैथिल जनसमुदायको बसोबास रहेको प्रायः स्थानमा देख्न सकिन्छ ।

विवाह पञ्चमी उत्सव भरी नै मन्दिर परिसरमा श्रद्धालु तथा भक्तजनले भजनकीर्तन, प्रवचन र झाँकी प्रस्तुत गर्ने चलन पुरानै छ । यसबीच रामलीलाको समेत प्रदर्शन हुनेगर्छ । मैथिली अभियानी पुनम झाका अनुसार दुई दशक अघिसम्म जनकपुरको जानकी मन्दिरलगायतको सम्पूर्ण रामजानकी मन्दिरमा हुने विवाह पञ्चमीलाई एउटा मेलाको रूपमामात्रै हेर्ने आम दृष्टिकोण थियो भने यतिबेला विवाह पञ्चमी एउटा भव्य उत्सव र महोत्सवको रूपमा विस्तारित भइसकेको छ ।

प्रत्येक वर्ष विवाह पञ्चमीलाई थप आकर्षक बनाउने कार्य हुँदै अएको छ । गतवर्ष मात्रै विश्व कीर्तिमान रच्ने उद्देश्यले स्थानीय सरकार, उद्योग वाणिज्य संघ र जानकी मन्दिरको सहयोगमा रङ्गभूमि मैदानमा झण्डै ११ हजार एक सय ११ स्क्वायर फिटको राम सीताको अनाजको प्रतिमा बनाइएको थियो । यसका लागि अनुमानित ७५ क्विन्टल अनाजको प्रयोग गरिएको थियो । यद्यपि, यो कार्यको भने विरोधसमेत भएको थियो ।



# निर्वाचनको पूर्ण वातावरण तयार भइसकेको दाबी

**काठमाडौँ ।**
सरकारका प्रवक्ता तथा सञ्चार–सूचना प्रविधिमन्त्री जगदीश खरेलले मुलुकमा प्रतिनिधिसभा निर्वाचनका लागि आवश्यक सबै पूर्वाधार तयार भइसकेको बताएका छन् । मंगलबार सिंहदरबारमा मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्दै उनले राजनीतिक दलदेखि नागरिक तहसम्म निर्वाचनप्रति उत्साह र तयारी देखिएकाले अब निर्वाचनको कुनै अभाव नरहेको स्पष्ट पारे ।

उनका अनुसार निर्वाचनमा सहभागी सबै दल दर्ता भइसकेका छन्, जसमा चुनावको विरोध गर्दै आएका दलहरू समेत समावेश छन् । मतदाता नामावली संकलनमा जनताको सक्रियता र सुरक्षा व्यवस्थापनसम्बन्धी तयार योजना हेर्दा निर्वाचन प्रक्रिया सहज रूपमा अघि बढ्ने उनको दाबी छ ।

जेन्जी आन्दोलनको जगमा अहिलेको सरकार बनेको उल्लेख गर्दै प्रवक्ता खरेलले प्रधानमन्त्रीले युवा पुस्तालाई प्राथमिकतामा राखेको बताए । सोमबार सिंहदरबारमा जेन्जी समूहसँग भेट हुन नसक्नु व्यस्तताका कारण भएको भन्दै उनले युवाप्रति सरकार उदासीन नरहेको स्पष्ट गरे । मन्त्रिपरिषद् बैठकका अन्य निर्णयसम्बन्धी जानकारी दिँदै खरेलले नेपाल पानीजहाज कार्यालयका सहसचिव प्रेमकुमार सिंहले दिएको राजीनामा स्वीकृत गरिएको बताए । साथै मेलम्ची खानेपानी आयोजना प्रभावित क्षेत्रका पूर्वाधारसम्बन्धी कामहरूको अनुगमन तथा समन्वयका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिवको संयोजकत्वमा 'मेलम्ची आयोजना प्रभावित क्षेत्र अनुगमन, समन्वय एवं सहजीकरण समिति' गठन गर्ने निर्णय भएको उनले जानकारी दिए ।

# सिंहदरबार प्रवेशमा रोकिने जेन्जी समूहको हनुमानस्थानमा धर्ना

**काठमाडौँ।**
प्रधानमन्त्री सुशीला कार्कीलाई ज्ञापनपत्र बुझाउन पुगेको मिराज ढुंगाना नेतृत्वको जेन्जी समूहलाई प्रहरीले मंगलवार सिंहदरबार प्रवेशमा रोक लगाएपछि तनावपूर्ण स्थिति सिर्जना भएको छ । प्रधानमन्त्री कार्यालयको अनुमति बिना दक्षिण गेटबाट सिंहदरबार छिर्न खोजेपछि सुरक्षाकर्मीले समूहलाई रोक्दै पछाडि धकेलेको प्रहरीले जनाएको छ।

प्रवेश रोकिएपछि आक्रोशित युवाहरूले जबरजस्ती अघि बढ्न खोजेपछि प्रहरीसँग धपेडी चलेको थियो । प्रहरीले समूहलाई लखेट्दै हनुमानस्थान पुलतिर पु¥याएपछि उनीहरू त्यहीँ नजिक धर्नामा बसे । अभियान्ता मिराज ढुंगानाका अनुसार प्रधानमन्त्रीसँग भेट गर्ने प्रयास पटक–पटक विफल भएपछि आफ्नो आवाज सुन्न बाध्य बनाउन आफूहरू सिंहदरबार प्रवेश गर्न खोजेका थिए।

ढुंगानाले सरकारले जेन्जी युवाहरूका माग र अपेक्षा वेवास्ता गर्दै निर्वाचनमा मात्र केन्द्रित देखिएको आरोप लगाए । युवालाई स्वदेशमै रोजगारी र भविष्यको विश्वास दिलाउने वातावरण बनाउन स्थिर सरकार आवश्यक रहेको उनको भनाइ थियो । उनले प्रधानमन्त्री र राजनीतिक नेतृत्वलाई युवापीढीको भावना विपरीत निर्णय लिन नपाउने चेतावनी दिँदै पुरानै दलहरू पुनः सत्तामा फर्किए जेन्जी अभियानका माग अपूर्ण रहन सक्ने टिप्पणी गरे।

# सुक्खा क्षेत्रमा रु ३० लाखमा तीनवटा पोखरी निर्माण

**भोजपुर ।**
पौवादुङमा गाउँपालिका–१ श्यामशिलामा निर्माण गरिएका तीनवटा सिँचाइ पोखरी सञ्चालनमा आएपछि स्थानीयलाई सहजता भएको छ । खेतीयोग्य उर्वरभूमि हुँदाहुँदै सिँचाइ अभावमा जमिन बाँझो बन्दै गएको अवस्थामा पोखरी निर्माणले २१ घरपरिवारलाई एकसाथ सिँचाइ गर्न सहयोग पुगेको छ ।

पोखरी निर्माण भएपछि चाँपे टोलका स्थानीयले एकसाथ सिँचाइ गर्न सक्ने अवस्था बनेको निर्माण उपभोक्ता समितिका अध्यक्ष शुभराज राईले बताए । पोखरी निर्माण भएपछि यहाँको सिँचाइ समस्या अन्त्य भएको उनको भनाइ छ । 'हाम्रो टोलमा तीनवटा ठूला सिँचाइ पोखरी निर्माण गरेका छौँ', उनले भने, 'सिँचाइ अभावमा हामीले धेरै समस्या भोग्दै आएका थियौँ, अहिले सहजता भएको छ ।'

यहाँ प्रदेश सरकारको क्रमागत रूपमा प्राप्त रु ३० लाख बजेटबाट तीनवटा पोखरी निर्माण गरिएको पौवादुङमा–१ श्यामशिलाका वडाध्यक्ष राजेन्द्र राईले बताए । वडाको पहलमा प्रदेशसँग बजेट माग गरेर पोखरी निर्माण गर्न सफल भएको उनको भनाइ छ । 'सिँचाइ नहुँदा स्थानीयलाई समस्या थियो, यो चाँपे क्षेत्र तरकारीलगायत कृषि उत्पादनका लागि राम्रो मानिन्छ । तर सिँचाइ अभावमा देखिएका समस्या अब भने अन्त्य भएको छ', उनले भने ।

सडकको राम्रो पहँुच रहेकाले सिँचाइ पोखरी निर्माणले स्थानीयलाई नगदेबाली खेतीका लागि सहयोग पुगेको गाउँपालिका उपाध्यक्ष ज्योत्सना राईले बताईन । सिँचाइ विस्तार भएपछि यहाँका किसानले कृषिकर्म गरेर आयआर्जनमा जोडिने अवस्था बनेको उनको भनाइ छ । गाउँपालिकाभित्र रहेको कृषियोग्य क्षेत्रमा सिँचाइ सुविधा विस्तारमा जोड दिएको उपाध्यक्ष राईले बताईन । सिँचाइका लागि मुहान नभएको ठाउँमा प्लाष्टिक पोखरी वितरण गरेर पनि किसानलाई आवश्यक सहयोग गर्दै आएको उनको भनाइ छ ।

'हाम्रो गाउँपालिका खुक्खाग्रस्त क्षेत्रमा पर्दछ', उपाध्यक्ष राईले भनिन, 'तर पनि किसानलाई खेतीमा सहजता पुर्याउनका लागि सिँचाइ पोखरी, निर्माण प्लाष्टिक पोखरी वितरणलगायतका कार्यक्रम सञ्चालन गरेका छौँ ।' पोखरी निर्माणले स्थानीयलाई तरकारीखेती गर्नका लागि सहजता भएको स्थानीयवासी भरतबहादुर कार्कीले बताए । पोखरीको पानी प्रयोग गरेर आफूले तरकारी तथा नगदेबालीको खेती गरिरहेको उनको भनाइ छ ।रासस

# म्याग्दी नदीमा पानीको सतह घटेपछि पर्खाल निर्माण सुरु

**म्याग्दी।**
सदरमुकाम बेनी बजारमा म्याग्दी नदीको कटान नियन्त्रणका लागि आयोजना निर्माण सुरु भएको छ।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय पोखरामार्फत बेनीस्थित जिल्ला प्रशासन कार्यालय पछाडि रहेको दरवाङ बसपार्क क्षेत्र भएर बग्ने म्याग्दी नदी किनारमा बाढी र कटान रोकथामका लागि पक्की पर्खाल निर्माण थालिएको हो।



हिउँद सु्रु भएर नदीमा पानीको सतह घटेपछि निर्माण व्यवसायीले काम थालेको आयोजनाका इन्जिनियर नरजङ गुरुङले जानकारी दिए। 'ठेकेदारले पहिलो चरणमा खोलालाई डाइभर्सन गराउन थालेका छन', उनले भने, 'खोला डाइभर्सनको काम सकेपछि नदी किनारमा पक्की पर्खाल निर्माणको काम सुरु हुन्छ।'

म्याग्दी नदी किनारमा एक सय ६५ मिटर लामो 'कम्पोजिट' पर्खाल निर्माणका लागि पाँच करोड ९७ लाख ५० हजार ६२४ रुपैयाँ कुल लागत अनुमान गरिएकामा २०८२ साल वैशाख १० गते चार करोड २१ लाख ५९ हजार ६९९ रुपैयाँ मा ठेक्का सम्झौता भएको थियो। ठेक्का सम्झौताको म्याद आगामी २०८३ असार २० गतेसम्म छ।

भुइँमा चार मिटर चौडाइ भएको तीन मिटर अग्लो कङ्क्रिट र त्यसमाथि ग्याविियन पर्खाल निर्माण गरिने भएको छ । बेनी बजार संरक्षण कार्यक्रममार्फत सङ्घीय सरकारको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले एक दशकयता म्याग्दी र कालीगण्डकी नदी कटानको जोखिम रहेको बेनी वरपरको क्षेत्रमा नदी नियन्त्रणका आयोजना सञ्चालन गरेको छ।

आयोजनामार्फत यसअघि बेनीको मङ्गलाघाट, न्युरोड, कालीपुल क्षेत्रको कालीण्डकी र म्याग्दी नदी किनारमा करिब दुई किलोमिटर पक्की पर्खाल निर्माण भएको छ । यस वर्ष बेनीसहित म्याग्दी र कालीगण्डकी नदी कटानका कारण जोखिममा रहेका म्याग्दी, पर्वत र मुस्ताङमा छवटा नदी नियन्त्रण तथा बस्ती संरक्षण योजना सुरु भएका आयोजना कार्यालयका प्रमुख बिदुरमान श्रेष्ठले बताए।

ती योजनाको ठेक्का सम्झौता भई निर्माणका लागि निर्माण व्यवसायी कार्यस्थलमा परिचालन भइसकेका छन् । ती आयोजनाको कुल लागत अनुमान २० करोड २९ लाख ७६ हजार ८३९ रुपैयाँ रहेको छ।

बेनी नगरपालिका–४ सिङ्गा तातोपानीमा एक सय दुई, रघुगङ्गा गाउँपालिका–३ स्थित गायत्री मन्दिर संरक्षणका ५३ मिटर र पर्वतको जलजला गाउँपालिका–३ बौरस्थित कालीगण्डकी नदी किनारमा ८० मिटर, कुश्मा नगरपालिका–४ स्थित अर्मादी र जलजला गाउँपालिकाको केन्द्र लामाखेतस्थित कालीगण्डकी नदीमा एक सय २९ मिटर लामो पर्खाल निर्माण गर्न लागिएको हो। मुस्ताङको थासाङ, घरपझोङ र बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका विभिन्न बस्तीमा पनि नदी नियन्त्रणका लागि संरचना निर्माण गरिने आयोजना कार्यालयले जनाएको छ ।नदी कटानका कारण उच्च जोखिममा परेका बजार तथा बस्ती संरक्षणका लागि योजना माग भएअनुसार कार्यालयबाट ती आयोजना छनोट गरी कार्यान्वयनमा लगिएको कार्यालयका प्रमुख श्रेष्ठले बताए। रासस

# नेपालमा पहिलोपटक बाथरोगको 'जेनेटिक' परीक्षण सुरु

**काठमाडौँ।**
नेपालमा पहिलोपटक बाथ रोगको अनुवाङ्शिक 'जेनेटिक' कारण पत्ता लगाउन नयाँ तीनवटा परीक्षणको सुरु गरिएको छ । नेक्स जेन ल्याब सोलुसनले तीन किसिमका बाथरोग पत्ता लगाउन तीन किसिमका जेनेटिक परीक्षणको सुरुआत गरेको हो।

सोलुसनका प्रबन्ध निर्देशक नरेश पाण्डेले नेपालमा पहिलोपटक नेपालमा बाथ रोग पहिचानका लागि नयाँ तीन परीक्षण सुरु गरिएको जानकारी दिए । उनका अनुसार बाथरोथ पहिचानका लागि 'एचएलए–डिआरफोर', 'एचएलए–बी५१', 'एचएलए–बी२७ तीन प्रकारका परीक्षण भित्र्याएको हो । उनले उक्त विधिबाट बाथरोगको सुरुआती अवस्थामा नै रोग पत्ता लगाउन सकिने भएकाले बिरामीलाई उपचार गर्न सजिलो हुने बताए । ती परीक्षणबाट बाथ रोगको पहिचान चाँडै गरेपछि बिरामीले लामो समयसम्म औषधि सेवन गर्न नपर्ने प्रबन्ध निर्देशक पाण्डेले बताए।

यसअघि बाथ रोग पत्ता लगाउन ती तीन प्रकारका परीक्षण गर्न विदेश नमूना विदेश पठाउनु पर्दथ्यो । 'एचएलए–डिआरफोर' अमेरिका र 'एचएलए–बी५१' तथा 'एचएलए–बी२७ को परीक्षण भारत पठाउनु पर्दथ्यो । बाथ रोग सेन्टरका बाथरोग विशेषज्ञ डा सुधिर कर्माचार्यले बाथरोग पहिचान गर्न तीन प्रकारका परीक्षण नेपालमा हुने भएपछि बिरामीको उपचारमा पनि सहज हुने बताए। अब परीक्षण नेपालमा हुने भएपछि बिरामीको परीक्षण गर्न विदेश पठाउनुपर्ने झन्झट हटेको छ।

विशेषज्ञ डा कर्माचार्यका अनु्सार नेपालमा कुल जनसङ्ख्याको २८ प्रतिशतलाई कुनै न कुनै बाथरोग लाग्ने गरेको छ । धेरैजसोलाई गठिया र युरिक एसिड जस्ता बाथरोग लाग्ने गरेको उनको भनाइ छ । बाथरोग लागेकामध्ये १० प्रतिशतको मात्र समयमा नै उपचार हुने गरेको छ।

विशेषज्ञ डा कर्माचार्यले बाथरोग लाग्ने बित्तिकै थाहा पाएमा केही महिनाको औषधि सेवन गरेपछि निको हुने बताए।

उनले बाथरोग फैलिँदै गयो भने बिरामीले जीवनभर औषधि खाएर बाथरोगलाई नियन्त्रण गर्नुपर्ने बताए।रासस

# चितवनमा दुर्घटनामा वृद्धिः गत साउनदेखि कात्तिकसम्म २९ जनाले ज्यान गुमाए

**चितवन ।**
गत चार महिनामा जिल्लामा भएका सवारी दुर्घटनामा २९ जनाले ज्यान गुमाएका छन् । यसमध्ये २१ पुरुष छ जना महिला र बालबालिका दुई जना रहेका छन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक अनिल थापाका अनुसार चालु आर्थिक वर्षको साउनदेखि कात्तिक मसान्तसम्ममा भएका दुई सय २४ दुर्घटनामा उनीहरूको ज्यान गएको हो । यस्तै ती दुर्घटनामा परी चार सय ५६ जना घाइते भएका छन् । यसरी दुर्घटनामा पर्नेमा सबैभन्दा बढी दुईपाङ्ग्रे सवारीसाधन छन् ।

उनका अनुसार चार महिनामा भएको सवारी दुर्घटनामा तीन सय ३३ वटा सवारीसाधन परेका छन् । तीमध्ये दुई सय एक मोटरसाइकल छन् । यस्तै जिप, कार ३४, शारीरिक शक्तिले चल्ने ३० , ट्रक, ट्याङ्कर २४, बस १५, टेम्पो १४ रहेका छन् । यस्तै टिपर दुई, माइक्रोबस पाँच, ट्याक्टर चार र अन्य सवारीसाधन चार छन् ।

गत आवको सोही अवधिमा दुई सय पाँचवटा सवारी दुर्घटना भएको थियो ।

गत वर्षको तुलनामा यस वर्ष दुर्घटना धेरै भए पनि मानवीय क्षति भने कम भएको छ । गत वर्ष सोही अवधिमा भएका दुर्घटनामा ४६ जनाको मृत्यु भएको थियो भने चार सय १४ जना घाइते भएका थिए ।

दुर्घटना न्यूनीकरणका लागि जिल्लामा छड्के जाँच, जनचेतना जगाउने कार्यक्रम गरिरहेको थापाले बताए ।

फराकिला सडकमा तीव्रगतिमा सवारी चलाउँदा र मादक पदार्थ सेवन गरेर सवारी चालउँदा अहिले दुर्घटना बढेको उनले बताए । सडकअनुसार सवारी चाप बढी हुनु र ट्राफिक नियमको पालना नगर्नुले पनि दुर्घटना बढेको उनले जानकारी दिए ।रासस

# आमाछोदिङस्थित चिलिमे तातोपानीमा पुनःस्नान गर्नेको घुइँचो



**रसुवा ।**
यहाँस्थित चिलिमे तातोपानीमा स्नान गर्ने भक्तजनको सङ्ख्या पछिल्लो समयमा पुनः वृद्धि हुन थालेको छ । तातोपानीमा स्नान गरेमा विभिन्न रोगको निदान हुने विश्वास गरिन्छ ।

विसं २०७२ बैशाख १२ को विनासकारी भूकम्पले आमाछोदिङ्गो गाउँपालिका–५ स्थित तातोपानी कुण्डलाई असर पारेको थियो । कुण्डमा पुनः तातोपानी निस्केपछि स्नान गर्ने भक्तजनको सङ्ख्या वृद्धि हुनथालेको हो । तातोपानी नुहाउनका लागि दैनिक रूपमा सरदर १०–१५ जना आउने स्थानीयवासी सिङ्गी तामाङले जानकारी दिए । उनका अनुसार तातोपानी धारामा स्नान गरेपछि शरीरका रोग निको हुन्छ ।

करिब दुई दशक अगाडि ग्रामीण गरिबी निवारणका लागि पर्यटन कार्यक्रमले सो स्थानमा ढुङ्गेधारा तथा पोखरी निर्माणमा सहयोग गरेको थियो । नुवाकोट मेघाङ गाउँपालिका–२ बुङ्ताङ निवासी ६४ वर्षीया लालीमाया तामाङका अनुसार तातोपानी नुहाउँदा आफ्नो शरीरका विविध रोग निको भएको दाबीसमेत गरे ।

विदुर नगरपालिका बट्टार निवासी रामप्रसाद पौडेल र देवकी पौडेलसमेतले शारीरिक रोग निधानका लागि तातोपानी अत्यन्तै उपयोगी भएको बताए । अन्यत्र जिल्लाबाट समेत सो स्थानमा स्नान गर्न भक्तजन आकर्षित भइराखेका छन् ।रासस



पहेँलपुर धानखेतः सिरहाको बरियारपट्टी गाउँपालिका–१ नर्गीस्थित हुलाकी सडकबाट देखिएको पहेँलपुर धानखेत । यतिबेला सिरहाका किसान धान भित्र्याउने तयारीमा छन् । तस्बिरः रासस

# जग्गा, नाता छ तर 'नागरिकता' छैन



**सुदीप राउत**
**सिरहा ।**
आठ वर्षदेखि नागरिकताका लागि अड्डाअदालत धाउँदै आएकी ७८ वर्षीया कपेलेश्वरी यादव अझै पनि नागरिकता पाउने आशामै दिन काटिरहेकी छिन् । 'नागरिकता नपाएरै मर्न लेखिएको जस्तै भएको छ हजुरआमालाई,' नाति रामपरीक्षण यादवले हातमा कागजपत्र देखाउँदै थकित स्वरमा भने, 'वर्षौंदेखि कागजपत्र बोकेर सरकारी निकायमा धाउँदाधाउँदै धेरै जुत्ता फाटे, तर हजुरआमाको नागरिकता बनेन ।'

सिरहाको नवराजपुर गाउँपालिका–४ मा बस्दै आएकी कपेलेश्वरीको जन्म औरही गाउँपालिका–३ पिपरामा भएको हो । जीवनभर गाउँमै बसेकी उनी नागरिकता नभएकै कारण अहिले सबै अधिकारबाट वञ्चित छिन् । विसं २०२३ मा उन नवराजपुर–४ का बौवेलाल यादवको कान्छी श्रीमती बनेकी थिइन् ।

बौवेलालको पहिलो श्रीमतीबाट चार छोरी थिए तर कपेलेश्वरीबाट भने सन्तान भएन । माइतीका बुबाआमाको नागरिकता थिएन ।

यसबाहेक सबैले वंशजका आधारमा नागरिकता पाए पनि उनी भने नागरिकताको मूलढोकैमा रोकिइन् । पति बौवेलालको २०३१ सालमा मृत्यु भएपछि कपेलेश्वरीले सिरहा जिल्ला अदालत सिरहामा 'हक कायम' मुद्दा दर्ता गरिन् र अदालतले उनको नाममा हकदाबी सदर गरिदियो । त्यस्तै माइतबाट दिएको छ कट्ठा जग्गा उनकै नाममा थियो ।

तर नागरिकता नभएकै कारण त्यस जग्गा बेचबिखन वा आफूलाई पालनपोषण गर्ने नातिको नाममा नामसारी गर्न नपाउने अवस्थाले उनलाई थप दुःख दिएको छ । त्यसैगरी ज्येष्ठ नागरिक भत्तासमेत नागरिकताका कारण रोकिन पुगेपछि उनी राज्यका सबै सेवाबाट पर धकेलिएकी छिन् ।

विसं २०७४ मा उनले जन्म, विवाह, नाता र वडाबाट प्राप्त सकसकमा जुटाइएका सबै कागजात तयार पारिन् ।

आफ्नो नामका जग्गाधनी प्रमाणपत्र प्रतिलिपिसहित वडा कार्यालय पुगेकी कपेलेश्वरीलाई तत्कालीन वडाध्यक्ष मदन यादवले 'चिन्दिनँ' भन्दै सिफारिस नै दिन इन्कार गरे । जिल्ला प्रशासन कार्यालयले पुनः वडा सिफारिसमै जोड दिएकाले उन तीनतीनपटक वडा कार्यालयमा धाइन्, तर सबैपटक निराश भएर फर्किइन् ।

विसं २०७९ मा सम्पन्न चुनावबाट यादव नै वडाध्यक्ष पुनःनिर्वाचित भए । नागरिकताको कुरा झन् बल्झियो । यतिबेलासम्म कपेलेश्वरीको सङ्घर्ष लम्बिँदै गए पनि समाधान भेटिएन । गाउँपालिका अध्यक्षमा निर्वाचित शिव उदगार यादवले पहल गरी सनाखतसहित जिल्ला प्रशासन कार्यालयमा पठाए । त्यसपछि प्रशासनले प्रहरी रिपोर्ट बनाउन भन्यो । कपेलेश्वरीले त्यो पनि पूरा गरे ।

अन्तिम चरणमा नागरिकताका लागि अनुसूची–१ बमोजिम वडा सिफारिस अनिवार्य चाहियो तर वडाबाट फेरि ढोका बन्द भयो ।

निरन्तर अस्वीकृत भएपछि उनले २०७९ साल भदौमा उच्च अदालत राजविराज, जनकपुरधाममा पुनरावेदन दर्ता गरे ।

गत वैशाखमा अदालतले उनकै पक्षमा फैसला पनि गर्यो । 'कानूनबमोजिम प्रक्रिया पूरा गरी नागरिकता दिनु' भन्ने आशयको आदेश दियो ।

तर त्यो आदेश लिएर वडा कार्यालय पुगे पनि फेरि निराशा नै हात पर्यो ।

यसबीचमा वडाध्यक्ष यादव भ्रष्टाचार मुद्दामा निलम्बनमा परे तर कार्यबाहक वडाध्यक्ष देवराम यादवले पनि सिफारिस दिन मानेनन् । 'मुद्दा प्रक्रियामा भएकाले केही भन्न सक्दिनँ,' कार्यबाहक वडाध्यक्ष देवरामले भने, 'मङ्सिर ५ गते सर्वोच्च अदालतमा रिट हालेका छौँ, जे फैसला आउला, त्यसैअनुसार चल्छु ।'

कपेलेश्वरीका अर्का नाति जीवेन्द्र यादव राजनीतिक प्रतिशोधका कारणले यस्तो भएको गर्छन् । उनले भने, 'आठ वर्षदेखि नागरिकताको पछि कुदेँछु । तर पाउन सकिँदैन । सरकारी निकायका जिम्मेवार जनप्रतिनिधिले राजनीतिक प्रतिशोध लिनु विडम्बनापूर्ण छ । हजुरआमाको प्राण जाने बेला पनि राज्यले दुःखै दियो ।'

यसैबीच सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले यस प्रकरणबारे प्रशासनले ध्यान दिएर हेर्ने बताए । 'कागजपत्र र प्रमाणका आधारमा हामीले समन्वय गर्न सक्छौँ । उन किन नागरिकताबाट वञ्चित हुनुपर्यो भन्ने सम्बन्धमा आवश्यक जानकारी लिइनेछ,' उनले भने ।

जन्म छ, विवाह छ, जग्गा छ, नाता छ, तर 'नागरिकता' नामको एकमात्र कागज नहुँदा ७८ वर्षीया कपेलेश्वरीको जीवन अनागरिकजस्तै भएको छ । 'यदि हजुरआमा यो देशको नागरिक होइनन् भने सिधैँ भन्नुपर्यो, नागरिक हुन् भने किन आठ वर्षदेखि यातना दिइएको छ ?,' नाति रामपरीक्षणले दुःखेसो पोख्नुभयो । रासस

# वीरगंज नाकाबाट दुई खर्ब ८४ अर्बका सामान भित्रिए

**वीरगंज ।**
वीरगंज नाका हुँदै चालु आर्थिक वर्ष २०८२–८३ को चार महिनामा दुई खर्ब ८४ अर्ब ८९ करोड रुपैयाँको वस्तु तथा सामान आयात भएको छ । गत आर्थिक वर्षको चार महिनाको तुलनामा चालु आवको सोही अवधिमा आयात ४३ अर्ब ८६ करोड रुपैयाँले वृद्धि भएको छ । गत आवको चार महिनाको अवधिमा दुई खर्ब ४१ अर्ब तीन करोड रुपैयाँको वस्तु तथा सामान आयात भएको थियो ।

वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले गत आर्थिक वर्षको चार महिनाको तुलनामा चालु आवको सोही अवधिमा यो नाका हुँदै १८ प्रतिशत वृद्धि भएको जानकारी दिए । 'गत आवको चार महिनाको तुलनामा चालु आवको सोही अवधिमा आयातमा मात्रै नभएर राजस्व सङ्कलनमा समेत वृद्धि भएको छ,' उनले भने ।

कार्यालयका अनुसार गत आवको चार महिनामा कार्यालयले ६६ अर्ब ७३ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको थियो । तर, चालु आवको चार महिनामा भने ७५ अर्ब ५९ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ । वीरगंज नाका हुँदै चार महिनामा ५४ अर्ब १२ करोड रुपैयाँ मूल्य पर्ने पाँच थरीको पेट्रोलियम पदार्थ आयात भएको छ । त्यस्तै सोही अवधिमा २५ अर्ब ५२ करोड रुपैयाँको फलाम तथा फलामबाट बनेको सामान आयात भएको छ । १९ अर्ब ५४ करोड रुपैयाँ मूल्य पर्ने मेसिनरी तथा पार्टपुर्जा भित्रिएका छन् ।

वीरगंज नाका हुँदै चार महिनामा १८ अर्ब ३१ करोड रुपैयाँको भटमासको कच्चा तेल, १६ अर्ब चार करोड रुपैयाँको इलेक्ट्रिक मेसिनरी, उपकरण र तिनका पार्टपुर्जा तथा १५ अर्ब ४३ करोड रुपैयाँको मलखाद आयात भएको छ ।

# मटकोर विधि सम्पन्न

**महोत्तरी ।**
मिथिलाञ्चलको सप्ताहव्यापी विवाह पञ्चमी उत्सवअन्तर्गत सोमबार राति मटिहानी नगरपालिकामा भगवान् रामचन्द्र र माता सीताको मटकोर विधि सम्पन्न भएको छ ।

सम्पूर्ण मिथिलाञ्चलमा विवाहको एक राति पूर्व मटकोर (विवाहको यज्ञवेदी निर्माणका लागि पोखरीबाट माटो खन्ने उत्सव) विधि मनाउने परम्पराअन्तर्गत भगवान् रामचन्द्र र माता जानकीको मंगलबार हुने विवाह महोत्सवको एक राति पूर्व सोमबार राति मटिहानी–७ स्थित लक्ष्मी नारायण मठमा मटकोर विधि सम्पन्न भएको लक्ष्मी नारायण मठ मटिहानीका मान महन्थ रवीन्द्र दास वैष्णवले बताए ।

मिथिलाको धार्मिक विधिअनुसार महिलाले विवाहको गीत गाउँदै लक्ष्मी नारायण मठको ठीक अगाडिमा रहेको लक्ष्मी सागर (पोखरी)मा पुगी भगवान् रामचन्द्र र माता सीताको प्रतीक रहेका मूर्तिलाई नुहाई मटकोर विधि सम्पन्न गर्नाका साथै विवाहको यज्ञवेदीका लागि माटो उत्खनन गरेका छन् । मिथिलाको वैवाहिक पद्धतिमा तिलकोत्सव तथा मटकोर महत्वपूर्ण उपक्रम हो ।

मटकोरको राति लक्ष्मीसागरबाट खनिएको माटोबाट विवाहपञ्चमीका दिन आज जनकपुरमा भगवान् श्री रामचन्द्र र माता सीताको विवाहका लागि यज्ञवेदी निर्माण गरिने छ ।

अयोध्याबाट भगवान्को रामको मूर्तिसहित साधु, सन्त, महात्मा, ऋषि, मुनि र जन्तीहरु सोमबार राति मटिहानी पुगेका थिए भने मटिहानीमा राम जानकी विवाहको मटकोर विधि सम्पन्न गरिएको हो ।

मटकोरका क्रममा सोमबार राति मटिहानीमा यज्ञवेदीका लागि खनिएको माटो लिएर मंगलबार जन्तीसहितको टोली महोत्तरीको जलेश्वर नगरपालिका हुँदै पिपरा गाउँपालिका, महोत्तरी गाउँपालिका हुँदै विवाहपञ्चमीका लागि जनकपुर जानेछ ।

प्राचीन धार्मिक ग्रन्थहरुमा उल्लेख भएअनुसार त्रेतायुगमा भगवान् श्री रामचन्द्र र माता सीताको विवाह हुँदा यज्ञवेदी निर्माण गर्न महोत्तरीको
मटिहानीस्थित लक्ष्मीसागरबाट पवित्र माटो लगेका थिए र त्यही बेलादेखि मटिहानीमा बर्सेनि रामजानकी विवाह महोत्सवमा मटकोर विधि सम्पन्न गरिने चलन छ ।

# परिवारकै सदस्यबाट बीभत्स हत्या

**मधेशदृष्टि**
**रौतहट ।**
वृन्दावन नगरपालिका–९ भुसाहामा महिलाको परिवारकै सदस्यले नै बीभत्स ढंगले हत्या गरेको घटना सार्वजनिक भएको छ । भुसाहा निवासी शेख आदिलकी २५ वर्षीया श्रीमती तरीमा खातुनलाई सोमबार राति निर्मम ढंगले हत्या गरी घरमै भुस राख्ने स्थानमा खाडल खनी गाडिएको अवस्थामा प्रहरीले फेला पारेको हो ।

मङ्गलबार बिहान घटनाबारे जानकारी पाएपछि इलाका प्रहरी कार्यालय गरुडा र जिल्ला प्रहरी कार्यालय रौतहटको संयुक्त प्रहरी टोली घटनास्थल पुगेको थियो ।



प्रहरी टोलीले घरको भित्री भागमा खाडल खनेर पुरिएको अवस्थामा खातुनको शव बरामद गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

मृतकका श्रीमान् शेख आदिल वैदेशिक रोजगारीका लागि साउदी अरबमा कार्यरत छन् । शटनापछि खातुनका ससुरा शेख अलि मोहम्मदसहित परिवारका सबै सदस्यसहित फरार रहेको र उनहरूले खातुनकी डेढ वर्षीय छोरा मोहम्मद आरिफलाई समेत साथमै लिएर फरार भएको प्रहरी उपरीक्षक (एसपी) रविन कार्कीले जानकारी दिए ।

# 'उद्योग जोगाउन तीनै तहका सरकार सक्रिय हुनुपर्ने'

**सिरहा ।**
देशमा साना तथा घरेलु उद्योगलाई जोगाउन आवश्यक नीतिगत सहजीकरण नहुँदा उद्योगहरू कमजोर बन्दै गएको भन्दै उद्योगी, व्यवसायी र सरकारी सरोकारवालाले अब तीनै तहका सरकारले समन्वय गरेर उद्यममैत्री वातावरण निर्माण गर्नुपर्नेमा जोड दिएका छन् ।

घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहाले एघारौँ उद्योग दिवसका अवसरमा आयोजना गरेको कार्यक्रममा उनीहरूले स्वदेशमै रोजगारी र आयआर्जन बढाउन साना उद्योग संरक्षण महत्वपूर्ण आधार बन्नसक्ने धारणा व्यक्त गरेका हुन् ।

कार्यक्रममा लहानका नगरप्रमुख महेशप्रसाद चौधरीले वैदेशिक रोजगारीबाट भित्रिएको 'रेमिट्यान्स' उपभोगमा नै खर्चिने प्रवृत्ति बढेकाले त्यसलाई उत्पादनशील क्षेत्रमा मोड्न तीनै तहका सरकारको भूमिका निर्णायक हुने बताए ।

उनले भने, 'इमानदारीका साथ काम गर्नेले चिया पसलबाट पनि भविष्य बनाउन सक्छ, तर रेमिट्यान्स अनुत्पादक क्षेत्रमा खर्चिने प्रवृत्ति रोकिएन भने आर्थिक आधार बलियो हुँदैन । साना उद्योग बाँच्न र युवालाई स्वदेशमै रोजगारी दिन तीनै तहका सरकार एउटै दिशामा सक्रिय हुनुपर्छ ।'

जिल्ला उद्योग वाणिज्य सङ्घ लहानका अध्यक्ष विकास सारडाले भन्सार नीतिका कारण व्यापारीहरू समस्यामा परेको उल्लेख गर्दै भन्सार छली नियन्त्रण तथा नियमित अनुगमन आवश्यक रहेको बताए । यस क्रममा, आन्तरिक राजस्व कार्यालय लहानका प्रमुख भीम काफ्लेले सस्तो मूल्यका कारण उपभोक्ता भारतीय बजारतिर आकर्षित हुने तर गुणस्तरप्रति सचेतना कमी रहेको बताउँदै सबै पक्ष मिलेर व्यावसायिक वातावरण बनाउनु आवश्यक रहेको धारणा राखे ।

जिल्ला समन्वय समितिका सभापति दिनेश महतोले साना उद्योगको सीप विकास, सुरक्षात्मक कार्यक्रम र अनुदान व्यवस्थापनका लागि प्रदेश सरकारसँग बजेट समन्वय भइरहेको बताए । 'सीप, प्रोत्साहन र संरक्षण विना साना उद्योग टिक्दैन,' उनले भने । घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख किशोरी शरण यादवले बजेट कटौतीका कारण विगतमा सञ्चालन हुने चार प्रकारका तालिम सीमित भई अहिले उद्यमशीलता तालिम मात्र चलिरहेको बताए । जेन्जी आन्दोलनका क्रममा कार्यालय क्षतिग्रस्त भएकाले केही सेवा सीमित रूपमा सञ्चालन भइरहेको उनले जानकारी दिए ।

कार्यक्रमका उद्योगीहरूले भारतीय बजारबाट आयातित वस्तु सस्तो परेकाले स्थानीय उत्पादन प्रतिस्पर्धामा कमजोर भएको गुनासो गर्दै सरकारी स्तरबाट बजार सुरक्षा, अनुगमन र स्थानीय उत्पादन उपयोग बढाउने अभियान आवश्यक रहेको सुझाव दिएका थिए ।

# साउथ जोन स्टार्सद्वारा वीरगंज रोयल्स ११ रनले पराजित

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित नारायणी क्रिकेट मैदानमा सञ्चालन भइरहेको वीरगंज सुपर लिग (बीएसएल) को चौथो संस्करणअन्तर्गत मंगलबारको खेलमा साउथ जोन स्टार्सले वीरगंज रोयल्सलाई ११ रनको झिनो अन्तरले पराजित गरेको छ ।

टस हरेर पहिले ब्याटिङ गर्ने निम्तो पाएको साउथजोन स्टार्सले निर्धारित २० ओभरमा सबै १० विकेट गुमाएर १ सय ४४ रनको योगफल बनायो । उसको सुरुवात राम्रो रहेको थियो ।

ओपनर राकेश कमैतले १४ बलमा ४ चौकाको सहयोगमा २१ रन जोडे भने अकिब अन्सारीले ३० बलमा २९ रन र हासिम अन्सारीले २७ बलमा २८ रन बनाए । तर मध्यक्रम सेराजुल आलमले गरेको १४ बलमा २७ रनको योगदान दिन बाहेक अन्य ब्याटरहरू चल्न नसक्दा टिमले ठुलो स्कोर बन्न सकेन ।

वीरगंज रोयल्सका सोहेल शेखले उत्कृष्ट बलिङ गर्दै ४ ओभरमा मात्र २४ रन खर्चेर ३ विकेट लिए भने अरबाज आलमले २ विकेट लिए । १ सय ४५ रनको विजयी लक्ष्य पछ्याएको वीरगंज रोयल्सले पनि राम्रो सुरुवात गरेको थियो ।

सोनु शर्माले आक्रामक ब्याटिङ गर्दै ३२ बलमा ३ चौका र २ छक्काको सहयोगमा ३६ रन बनाए भने आदर्श भण्डारीले २६ बलमा २ चौका र १ छक्काको २५ रन जोडे । त्यस्तै सञ्जन महतोले १२ बलमा २४ रन जोडे पनि अन्य ब्याटरहरूले अपेक्षित प्रदर्शन नगर्दा खेल रोयल्सहरुको हातबाट बाहिर गयो ।

साउथजोनका स्टार बलर राहुल अन्सारीले घातक स्पेल फाल्दै ४ ओभरमा केवल २५ रन खर्चेर ३ महत्त्वपूर्ण विकेट लिए । हासिम अन्सारी, रामआशिष महतोले पनि १–१ विकेट लिँदा रोयल्स २० ओभरमा ७ विकेटको क्षतिमा १३३ रनमै सीमित भयो ।

# एमाले महाधिवेशन तयारीका लागि गठित समितिहरू सक्रिय

**काठमाडौँ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) को आसन्न ११औँ राष्ट्रिय महाधिवेशनको तयारीका लागि गठित विभिन्न समितिले आफ्नो कामलाई गति दिएका छन् ।एमालेको यही मङ्सिर ४ गतेको केन्द्रीय सचिवालयको ६०औँ बैठकले विभिन्न १४ समिति गठन गरेको थियो । यसबीचमा जनपरिचालन समिति र प्रचार कमिटीको बैठक भई आफ्नो कार्ययोजनमाथि छलफल गरी कार्यविभाजन गरेको छ । नयाँ नेतृत्व चयनमा केन्द्रित हुने एमालेको ११औँ महाधिवेशन यही मङ्सिर २७ देखि २९ गतेसम्म काठमाडौँमा हुँदैछ।

जनपरिचालन समितिको संयोजक पार्टीका उपमहासचिव प्रदीप ज्ञवालीको संयोजकत्वमा सोमबार बसेको बैठकले महाधिवेशनको उद्घाटन सत्र (भदौ २७ गते) पालिका र वडा तहसम्म व्यापक जनसहभागिताका लागि कार्ययोजना पारित गरेको बागमती प्रदेश इन्चार्ज तथा जनपरिचालन समितिका सचिव डा राजन भट्टराईले जानकारी दिए। सोमबार नै प्रचार समितिको बैठकले महाधिवेशनको ऐतिहासिक महत्व र पार्टीको नीतिका आधारमा सामाजिक सञ्जाल र आमसञ्चारमाध्यममा प्रचारप्रसारका लागि योजना बनाएको केन्द्रीय प्रचार तथा प्रकाशन विभागका प्रमुख राजेन्द्र गौतमले जानकारी दिए।

महाधिवेशनका लागि देशभर एकै दिन यही मङ्सिर १३ गते प्रतिनिधि चयनको निर्णय गरेको एमालेले चयन प्रक्रियालाई व्यवस्थिति बनाउन पाँचबुँदे निर्देशन दिएको छ । पार्टीका स्थायी कमिटी सदस्य एवं सङ्गठन विभागका प्रमुख काशिनाथ अधिकारीले प्रतिनिधि चयनको निर्वाचन प्रक्रियामा प्रवेश गर्नुभन्दा पहिला सम्बन्धित निर्वाचन क्षेत्रको अन्तिम मतदाता सूची अनिवार्य रुपमा प्रकाशन गर्नुपर्ने बताए । यसका लागि केन्द्रीय कमिटीको पछिल्लो परिपत्रलाई आधार बनाउन निर्देशन दिइएको छ।

यसैगरी कायम भएको अन्तिम मतदाता सूचीको सङ्ख्या केन्द्रीय सङ्गठन विभागलाई तत्काल जानकारी गराउन पनि विभागले निर्देशन जारी गरेको छ । यस्तै मङ्सिर १२ गते साँझसम्म सर्वसहमतिका लागि अन्तिम प्रयास गर्ने र सो नभएमा मङ्सिर १३ गते निर्वाचन प्रक्रियामा गएर प्रतिनिधि छनोट गर्न निर्देशन जारी गरिएको छ। विभागको यो निर्देशनले कुनै पनि बहानामा मङ्सिर १३ गते गर्नुपर्ने प्रतिनिधि छनोटलाई नसार्न निर्देशन गरेको छ।

विभागले प्रतिनिधिमा उम्मेदवारी शुल्क बढीमा एक हजार रुपैयाँ भन्दा बढी नलिन पनि निर्देशन दिएको छ। प्रतिनिधि छनोटका लागि सम्बन्धित क्षेत्रमा खटिएका नेताहरुलाई समयमै आफ्नो कार्यक्षेत्रमा पुग्न र प्रतिनिधि छनोट प्रक्रियामा सहजीकरण गर्न पनि विभागले निर्देशन दिएको छ । एमालेको महाधिवेशनमा आयोजक, निर्वाचन क्षेत्रीय कमिटी (खुल्ला), जनसङ्गठन, युवा, दलित, महिला, प्रवास क्षेत्रबाट समेत गरी करिब दुई हजार २०० प्रतिनिधि सहभागी हुँदैछन्।

एमालेले आम पार्टी सदस्यबाट निर्वाचित हुने भूगोल, दलित, उपत्यका विशेष र सम्पर्क समन्वयअन्तर्गतका निर्वाचन क्षेत्रबाट प्रतिनिधि चयन गर्दा शेष सङ्ख्या ५० प्रतिशतभन्दा बढी भएमा थप एक जना प्रतिनिधि चयन गर्ने निर्णय पनि गरेको छ । प्रवासी नेपाली सङ्घ भारत र प्रवासी नेपाली सङ्घ अन्तरराष्ट्रिय कमिटीबाट प्रदेश कमिटीसरह कम्तीमा दुई महिलासहित पाँच जना चयन गर्ने तय गरेको छ।

एमालेले १६५ सङ्घीय निर्वाचन क्षेत्रबाट सबैभन्दा बढी समावेशिताको सिद्धान्तअनुसार एक हजार १३५ प्रतिनिधि सहभागी हुनेछन् । हरेक निर्वाचन क्षेत्रमा रहेका एक हजार २०० पार्टी सदस्य बराबर ४० वर्षमुनिका एक युवा र एक महिलासहित चार प्रतिनिधि हुने एमालेका केन्द्रीय कार्यालय सचिव डा अधिकारीले जानकारी दिए । उनले न्यूनतम एक हजार २०० पार्टी सदस्यमा थप ८०० सदस्य नाघेमा थप एक महिला प्रतिनिधि र त्यसपछि प्रत्येक आठ÷आठ सय नाघेमा थप निर्वाचित खुला प्रतिनिधि हुनेछन्।रासस

# ‘निर्वाचनसँगै सुशासन कायम गर्नु यो सरकारको दायित्व हो’




**रुपन्देही।**
गृहमन्त्री ओमप्रकाश अर्यालले वर्तमान सरकारको पहिलो प्राथमिकता सफलतापूर्वक निर्वाचन सम्पन्न गर्नु तथा सुशासनका निम्ति सबल आधार तयार गर्नु हो भनेका छन्। मंगलवार भैरहवामा आयोजित लुम्बिनी प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा उनले निर्वाचन र सुशासनलाई नै अर्जुनदृष्टि दिएर सरकारले काम गरिरहेको बताए ।केन्द्रीय सुरक्षा समितिबाट स्वीकृत निर्वाचन सुरक्षा योजना बमोजिम प्रदेश सरकारले पनि आफ्नो सुदृढसुरक्षा योजना तयार गरी कार्यान्वियनमा जान सुझाव दिए।

‘राजनीतिक दलहरुले लुटिएका हतियार र फरार कैदीबन्दीलाई सुरक्षा चुनौतीको रुपमा औँल्याउनुभएको छ, हामीले धैरै परिमाणमा विशेष अपरेशनमार्फत ती हतियार फिर्ता ल्याइसकेका छौं धैरै कैदी पनि फिर्ता भइसकेका छन’, गृहमन्त्री अर्यालले भने।

सङ्घीय गृह मन्त्रालय, लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयद्वारा संयुक्त रुपमा आयोजित सुरक्षा गोष्ठीमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सुरक्षाकर्मी र राष्ट्रसेवक कर्मचारीको मनोबल बढाउनुपर्नेमा जोड दिए। उनले सुशासन कायम गर्न प्रदेश सरकार रणनीतिक योजना बनाएर अघि बढेको बताए । रासस

# एमालेद्वारा सर्वोच्चमा रिट

**काठमाडौँ।**
प्रतिनिधिसभाको पुनःस्थापनाको माग गर्दै नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले सर्वोच्च अदालतमा रिट दिएको छ।

विघटित प्रतिनिधिसभाको एमालेका तर्फबाट संसदीय दलका मुख्य सचेतक महेश बर्तौला र सचेतक सुनिता बरालले संयुक्त रुपमा आज सर्वोच्च अदालतमा उक्त रिट निवेदन दिएका । सो रिट निवेदनमा प्रधानमन्त्री सुशीला कार्कीको नियुक्ति, प्रतिनिधिसभा विघटन तथा त्यसपछि भएका सबै निर्णय र नियुक्ति बदर गर्न माग गरिएको छ।

रिटमा प्रतिनिधिसभा सदस्य नभएको व्यक्ति, कुनै दलको समर्थन नपाएको तथा संविधानका धारा, ७६ र १३२ (२) विपरीत प्रधानमन्त्री नियुक्ति भएको भन्दै कार्कीको नियुक्ति प्रथम दृष्टिमा नै असंवैधानिक ठहर गर्न आग्रह गरिएको मुख्य सचेतक बर्तौलाले बताए।

साथै राष्ट्रपतिद्वारा गरिएको नियुक्ति निर्णय, शपथ तथा पछिल्ला सबै सरकारी कामकारबाही र निर्णय उत्प्रेषणको आदेशले खारेज गर्न माग गरिएको छ । रिटमाथि अध्ययन भइरहेको सर्वोच्चले जनाएको छ। अध्ययन पछि प्रक्रिया पुर्याएर दर्ता गर्ने तयारी छ।



गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपछि जेनजीहरूको माग अनुसार भदौ २७ संसद विघटन भएको थियो। त्यसपछि अन्तरिम सरकार गठन भएको हो। जसको प्रमुख सुशीला कार्की छन्। उनले शपथ लिए लगत्तै संसद विघटनको सिफारिस गरेकी थिइन्।

संसद विघटनसँगै आउँदो फागुन २१ गतेका लागि चुनावको मिति तय भएको छ।

चुनावको धैरै तयारी अघि बढिसकेको अवस्थामा एमालेले ढिलो गरी सर्वोच्च पुगको हो।

विघटित प्रनिनिधिसभाको ठूलो कांग्रेसलाई समते पुनःस्थापनाको पक्षमा उभ्याउने कोसिस एमाले अध्यक्ष केपी ओलीले गरेका थिए। कांग्रेसले चुनावको समर्थन गर्दै भाग लिने औपचारिक निर्णय गरेपछि एमाले एक्लै सर्वोच्च पुगको हो। कांग्रेसलाई कुर्दा विघटनविरुद्धको कानुनी उपचारमा जान ढिलाइ भएको एमालेका एक नेताले जानकारी दिए।

एमाले अध्यक्ष ओलीले नै सरकारको नेतृत्व गरेका बेला २०७७ पुस ५ गते र २०७८ जेठ ८ गते प्रतिनिधिसभा विघटन गरेका थिए। तर दुवै विघटनलाई सर्वोच्चले बदर गर्दै संसद पुनःस्थापना गरेको थियो। तर अहिले अरु कुनै दल पुनःस्थापनाको पक्षमा नरहँदा पनि एमाले एक्लै सर्वोच्च गएको हो।

विघटनविरुद्ध सर्वोच्चमा यसअघि नै कानुन व्यवसायी र नागरिक स्तरबाट १६ वटा रिट निवेदन दर्ता भएको छ। ती रिटमा सुनुवाइ गर्दै संवैधानिक इजलासले कारण देखाउ आदेश जारी गरेको छ। उक्त रिटलाई सर्वोच्च प्रशासनले अध्ययन गरी दर्ता गर्ने वा नगर्ने भन्ने निर्णय लिनेछ।

यसअघि नै प्रतिनिधि सभा पुनस्थापनाको मागदाबी लिएर १६ वटा भन्दा बढी रिट दर्ता भई प्रारम्भिक सुनुवाइसमेत अघि बढिसकेको छ।

एमालेले दायर गरेको रिटमा सुशीला कार्की प्रधानमन्त्री भएको विषयमा प्रश्न उठाइएको छ।

अर्थात् कार्की प्रतिनिधि सभाको सदस्य नभएको र सर्वोच्चको प्रधान न्यायाधीश भइसकेको व्यक्ति प्रधानमन्त्री बन्न संविधानले नै रोकेको विषयलाई उल्लेख गरेको छ।

त्यस्तै संविधानको धारा ७६ तथा १३२ (२) विपरीत गैरसंवैधानिक तरिकाले कार्की प्रधानमन्त्री नियुक्ति भएकाले प्रथम दृष्टिमै असंवैधानिक रहेको तर्क गरेको छ।

कार्कीलाई नियुक्त गर्न राष्ट्रपतिले भदौ २७ गते गरेको निर्णय, शपथ ग्रहण र अन्य नियुक्ति समेत बदर गर्न माग रिटमा गरिएको छ।

सरकार नै गैरकानुनी भएकाले सम्पूर्ण कामकारबाही, निर्णय तथा नियुक्तिहरू समेत बदर गर्न माग एमालेको छ।त्यस्तै प्रधानमन्त्री कार्कीले गरेको प्रतिनिधि सभा विघटनको निर्णयलाई समेत पुनस्थापना गर्न माग गरेको छ।

‘भदौ २४ गते पछिको अवधिलाई शून्य अवधि मानी प्रतिनिधिसभा पुर्नस्थापन सहित सो दिन कायम रहेका राज्यका सबैअंग, निकायहरू पूर्ववतरूपमा यथावत संचालनमा रहने गरी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गरी पाउँ,’ रिटमा माग गरिएको छ।त्यस्तै राष्ट्रपति रामचन्द्र पौडेलमार्फत धारा ७६ बमोजिम अर्को सरकार गठनका लागि परमादेश समेत माग गरेको छ।पुनस्थापना भएपछि बैठक बोलाउनका लागि सभामुख तथा संसद सचिवालयका नाममा परमादेश समेत जारी गर्न माग गरेको छ।

# प्रवासी नेपालीलाई मताधिकार सुनिश्चित गर्न ‘जेन्जी फ्रन्ट’को माग

**काठमाडौँ।**
नेपाल जेन्जी फ्रन्टले प्रवासी नेपाली नागरिक तथा देशभित्र गृहजिल्ला बाहेकका जिल्लामा बसोबास गरिरहेका नेपालीलाई मताधिकारको व्यावहारिक पहुँच प्रदान गर्नुपर्ने माग गर्दै निर्वाचन आयोगलाई मागपत्र बुझाएको छ।

फ्रन्टका अभियान समिति सदस्य अमृता वन, कर्णाली प्रदेश सम्पर्क व्यक्ति बिनिता बोगटी, फ्रन्टका सदस्य ऋषि थापा, नवीन विष्ट, आदर्श कर्ण, डायमण्ड शाहीलगायतले आयोगमा उपस्थित भई मागपत्र बुझाएका हुन् । मागपत्र बुझाएपछि कर्णाली प्रदेश सम्पर्क व्यक्ति बोगटीले आयोगलाई आफूहरुले उक्त मागपत्र बुझाएको बताए।

सरकारले कानुनी तथा प्राविधिक जटिलताको बहानामा संवैधानिक हकबाट वञ्चित गर्न नहुने मागपत्रमा उल्लेख छ।

आगामी प्रतिनिधिसभा निर्वाचनदेखि नै प्रवासी नेपालीलाई मतदान गर्न पाउने व्यवस्था तत्काल लागू गर्नुपर्ने उनीहरुको माग छ। रासस

# एमालेको महाधिवेशन प्रतिनिधि छनोट गर्न पाँच बुँदे निर्देशन

**काठमाडौँ।**
नेकपा (एमाले) को आसन्न ११औँ राष्ट्रिय महाधिवेशनको प्रतिनिधि छनोट गर्न सो पार्टीको सङ्गठन विभागले पाँच बुँदे निर्देशन जारी गरेको छ।

पार्टी स्थायी कमिटी सदस्य एवं सङ्गठन विभाग प्रमुख काशीनाथ अधिकारीले प्रतिनिधि चयनको निर्वाचन प्रक्रियामा प्रवेश गर्नुभन्दा पहिला सम्बन्धित निर्वाचन क्षेत्रको अन्तिम मतदाता सूची अनिवार्य रूपमा प्रकाशन गर्नुपर्ने बताए । यसका लागि केन्द्रीय कमिटीको पछिल्लो परिपत्रलाई आधार बनाउन निर्देशन दिइएको छ।

त्यसैगरी कायम भएको अन्तिम मतदाता सूचीको सङ्ख्या केन्द्रीय सङ्गठन विभागलाई तत्काल जानकारी गराउन पनि विभागले निर्देशन जारी गरेको छ । यस्तै, मङ्सिर १२ गते साँझसम्म सर्वसहमतिका लागि अन्तिम प्रयास गर्ने र सो नभएमा मङ्सिर १३ गते निर्वाचन प्रक्रियामा गएर प्रतिनिधि छनोट गर्न निर्देशन जारी गरिएको छ। विभागको यो निर्देशनले कुनै पनि बहानामा मङ्सिर १३ गते गर्नुपर्ने प्रतिनिधि छनोटलाई नसार्न निर्देशन गरेको छ।

केही जिल्लामा प्रतिनिधिको उम्मेदवारी दर्ता शुल्क अत्यधिक तोकिएको जानकारी आएकाले त्यसमा विभागले हस्तक्षेप गरेको छ। प्रतिनिधिमा उम्मेदवारी शुल्क बढीमा रु एक हजारभन्दा बढी नलिन पनि निर्देशन गरिएको छ । प्रतिनिधि छनोटका लागि सम्बन्धित क्षेत्रमा खटिएका नेतालाई समयमै आफ्नो कार्यक्षेत्रमा पुग्न र प्रतिनिधि छनोट प्रक्रियामा सहजीकरण गर्न पनि विभागले निर्देशन जारी गरेको छ।

यही मङ्सिर २७ देखि २९ गते काठमाडौँमा हुने पार्टीको ११औँ महाधिवेशनको मङ्सिर १३ गते देशैभरी र प्रवासमा पनि एकै दिन महाधिवेशन प्रतिनिधि छनोट हुँदैछन् । एमालेको महाधिवेशनमा करिब दुई हजार २०० प्रतिनिधि सहभागी हुँदैछन्।रासस

# ‘डिजिटल’ हिंसा रोक्न सरकार प्रतिबद्ध छः सञ्चारमन्त्री

काठमाडौँ।
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले बदलिँदो परिवेशमा प्रविधिको विकाससँगै महिला तथा बालिकामाथि हुने ‘डिजिटल’ हिंसा रोक्न सरकार प्रतिबद्ध रहेको बताएका छन्।

‘लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान’ को मंगलवार यहाँ शुभारम्भ गर्दै उनले महिला र बालिकाविरुद्ध हुने डिजिटल हिंसा अन्त्यका लागि सबै एकजुट हुनुपर्नेमा जोड दिए। यस वर्षको यो दिवसको विश्वव्यापी नारा सान्दर्भिक रहेको भन्दै उनले डिजिटल दुनियाँ अब दैनिक जीवनभन्दा अलग नरहेको बताए।

प्रविधिले सिकाइ र कामलाई सहज बनाए पनि धैरै महिला तथा किशोरीका लागि यो क्षेत्र अझै पनि जोखिमपूर्ण र असुरक्षित रहेको औँल्याउँदै मन्त्री खरेलले ‘अनलाइन उत्पीडन, साइबर स्टकिङ, अनुमति बिना तस्बिरको प्रयोग, घृणा फैलाउने अभिव्यक्ति र ट्रोलिङले त्रास र धम्की सिर्जना गर्छ,’ भने।

सञ्चार मन्त्रालयको लक्ष्य पूर्वाधार निर्माण र सेवा विस्तारमा मात्र सीमित नभई प्रत्येक नेपाली नागरिकका लागि सुरक्षित, समावेशी र सशक्तीकरण गर्ने ‘डिजिटल इकोसिस्टम’ निर्माण गर्नु भएको बताउँदैमन्त्री खरेलले भने, ‘जब हाम्रो आधा जनसङ्ख्या अनलाइनमा सुरक्षित महसुस गर्दैनन्, तब हाम्रो डिजिटल प्रगतिलाई पूर्ण वा निष्पक्ष मान्न सकिँदैन ।’उनले राष्ट्रिय साइबर सुरक्षा केन्द्रले जनचेतना अभिवृद्धिका काम गरिरहेको र हालै राष्ट्रिय एआई सेन्टरको स्थापना हुनुले डिजिटल नेपाल निर्माणप्रतिको सरकारको प्रतिबद्धता प्रतिविम्बित भएको बताए।

डिजिटल हिंसाविरुद्धको लडाइँ सरकार एक्लैले जित्न नसक्ने भन्दै मन्त्री खरेलले कानुनी र नीतिगत ढाँचालाई बलियो बनाउने प्रतिबद्धता व्यक्त गरे । उनले पीडितलाई न्याय दिलाउन र पीडकलाई जवाफदेही बनाउन साइबर कानुनको समीक्षा गरिने जानकारी दिए । साथै, शिक्षा क्षेत्रसँग सहकार्य गर्दै पाठ्यक्रममा डिजिटल साक्षरता समावेश गर्ने, निजी क्षेत्र र नवप्रवर्तनलाई सुरक्षित प्लेटफर्म विकास गर्न प्रोत्साहन गर्ने तथा तीनवटै तहका सरकार, संयुक्त राष्ट्रसङ्घ र नागरिक समाजसँग सहकार्य बढाउने योजना पनि उनले अघि सारे।रासस

# एमालेद्वारा प्रतिनिधिसभा निर्वाचनका लागि दल दर्ताको निवेदन

**काठमाडौँ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि दल दर्ताका लागि निवेदन दिएको छ।

एमाले केन्द्रीय निर्वाचन विभागका प्रमुख निरज आचार्यसहितका नेताहरुले निर्वाचन आयोगमा पुगेर दल दर्ताका लागि निवेदन दिएका हुन। आगामी फागुन २१ गते हुने उक्त आमनिर्वाचनका लागि हालसम्म आयोगमा दर्ता भएका ६७ राजनीतिक दलले चुनावमा भाग लिन दल दर्ताका लागि निवेदन दिनुभएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए।

एमालेले आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि यसअघि नै दल दर्ताका लागि निवेदन दिइसकेको छ।

# प्रतिनिधि सभा सदस्य निर्वाचन प्रयोजनको लागि निर्वाचन आयोगमा ६८ दल दर्ता

**काठमाडौं ।** आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि हालसम्म कूल ६८ राजनीतिक दल दर्ता भएका छन्।

प्रतिनिधि भभा सदस्य निर्वाचन प्रयोजनको लागि मंगलावरसम्म ६८ वटा दलहरु दर्ता भएको आयोगका प्रवक्ता माहादेव पन्थले बताए । प्रवक्ता पन्थले हाल आयोगमा दर्ता कायम रहेका दलहरुको संख्या १ सय ३२ पुगेको छ।

आयोगले यही मंसिर १० गतेसम्म प्रतिनिधि सभा निर्वाचनमा भाग लिन चाहने राजनीतिक दललाई दर्ताका लागि समयसीमा निर्धारण गरेको छ । उनले बाँकी सबै राजनीतिक दलहरुलाई समेत निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता हुन आह्वान गरे।

उनले भने– ‘फागुन २१ मा हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि आयोगले तयार गरेको निर्वाचनको कार्यक्रमअनुसार मंसिर १० गतेसम्मका लागि निर्वाचन प्रयोजनको लागि दल दर्ता गर्नेगरी समय तोकिएको थियो । मंगलवारसम्म ६८ वटा दलले प्रतिनिधि सभा सदस्य निर्वाचन प्रयोजनको लागि दल दर्ता गरिसकेको अवस्था छ । आजको दिनमा आयोगमा दर्ता कायम भएका दलहरुको संख्या १३२ हो। बुधवार कार्यालयभित्र निर्वाचन प्रयोजको लागि दल दर्ता गर्ने समय बाँकी छ। बाँकी समयमा अरु बाँकी दलहरु पन निर्वाचन प्रयोजनको लागि दर्ता भएर प्रतिस्पर्धामा भाग लिने अपेक्षा निर्वाचन आयोगले गरेको छ।’

प्रवक्ता पन्थले विदेशमा रहेका नेपाली नागरिकलाई मतदानमा सहभागि गराउने विषयमा सरकार र आयोगबीच गम्भीर छलफल भइरहेको पनि बताए।

विदेशी नागरिकलाई मताधिकारको विषयमा आवश्यक कानून बनिसकेकोपछि निश्चित हुने पनि बताए । उनले स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न आयोग प्रतिबद्ध रहेको पनि बताए।

# बजार अनुगमनलाई तीव्र पार्दै वाणिज्य विभाग

**काठमाडौँ ।**

पछिल्ला दिनमा बजार अनुमगन, निरीक्षण र कारबाही प्रक्रियालाई तीव्र पारेको वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले १४ वटा उद्योग तथा फर्मलाई कारबाही गरेको छ ।

विभागका अनुसार भक्तपुरको मध्यपुरथिमिमा रहेको हलेसी मार्ट प्रालिलाई दुई लाख रुपैयाँ जरिवाना गरेको छ । सोही स्थानका ओम शिवशक्ति सेरामिक प्रालिलाई ५० हजार रुपैयाँ जरिवाना गरेको छ ।

अनुगमनका क्रममा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १६ र दफा ३८ बमोजिमको कसुरमा सोही ऐनको दफा ३९ को (१) बमोजिम कारबाही गरिएको हो । विभागले काठमाडौँ र भक्तपुरका विभिन्न उद्योग तथा प्रतिष्ठानमा एकैपटक बजार अनुमगन गरेको र कैफियत देखिएकालाई जरिवाना गरेको हो ।

त्यसमा वस्तु तथा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य नापतौल, ढाँचा वा बिक्री वा प्रदान गर्ने कार्यलाई अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरेको मानिने उल्लेख छ ।

उपभोक्ता संरक्षण ऐनको दफा ३९ मा 'बजार अनुमगन, निरीक्षण, जाँचबुझ वा खानतलासीका क्रममा तत्काल प्राप्त प्रमाणबाट वस्तुको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, विक्रेता वा सेवा प्रदायकले देहायको कुनै कसुर गरेको देखिएमा निजलाई निरीक्षण अधिकृतले देहायबमोजिम जरिवाना गर्न सक्नेछ' भन्ने व्यवस्था छ । ऐनअनुसार अनुचित व्यापारिक क्रियाकलाप गरेको पाइएको खण्डमा निरीक्षण अधिकृतले अधिकतम दुई लाख रुपैयाँ देखि तीन लाख रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछन् ।

विभागले काठमाडौँ १६ क्षेत्रपाटीको होम मेड स्पाइन्स एण्ड टीसपलाई २० हजार रुपैयाँ, जिकेएसएस इन्टरप्राइजेज प्रालि गट्ठाघरलाई १० हजार रुपैयाँ, आशिष ट्रेड लिङ्क क्षेत्रपाटीलाई १० हजार रुपैयाँ जरिवाना गरेको छ । विभागले आइके सर्जिकल सप्लायर्स क्षेत्रपाटी काठमाडौँलाई ५५ हजार रुपैयाँ जरिवाना रकमसहित २४ घण्टाभित्र उपस्थित हुन निर्देशन दिएको छ ।

सिटी मिनरल वाटर एण्ड वेभरेज प्रालि टोखा–८ काठमाडौँलाई व्यवसायसँग सम्बन्धित कागजात लिइ तीन दिनभित्र विभागमा उपस्थित हुन निर्देशन दिइएको छ । विभागले अन्य सात वटा उद्योग तथा फर्मलाई भने सामान्य निर्देशन दिइएको छ ।रासस

# झापामा दोस्रो जिल्लास्तरीय 'डोरीतान आउटडोर' च्याम्पियनसिप

**झापा।**

यहाँ जिल्लास्तरीय दोस्रो डोरीतान आउटडोर च्याम्पियनसिप आयोजना गरिएको छ । यही मङ्सिर ११ गते हल्दीबारी गाउँपालिका–५ स्थित मोति आधारभूत विद्यालयको खेल मैदानमा प्रतियोगिता सञ्चालन हुनेछ। प्रतियोगिताको उद्घाटन कोसी प्रदेशका सभामुख अमरबहादुर विष्टले गर्ने कार्यक्रम तय भएको सोमबार विर्तामोड पत्रकार सम्मेलनको आयोजना गरी जानकारी दिइएको हो । प्रतियोगितामा तीन विभागीय र १५ वटा पालिका गरी १८ समूहले सहभागिता जनाउने जिल्ला डोरीतान सङ्घकी अध्यक्ष युनिता दवाडीले जानकारी दिए।

प्रतियोगिता बिहान ११:०० बजेदेखि सुरु हुने र साँझ ५:०० बजे समापन हुने छ । प्रतियोगिताका विजेताले ५१ हजार रुपैयाँ सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले ३१ हजार रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र पाउनेछन्।

प्रतियोगिताको आयोजना जिल्ला डोरीतान सङ्घ र हल्दीबारी जेसिजको संयुक्त आयोजनामा हुने पत्रकार सम्मेलनमा जानकारी दिइयो।

प्रतियोगितामा राष्ट्रिय खेलकुद परिषद्, कोशी प्रदेश डोरीतान सङ्घ र हल्दीबारी गाउँपालिका संरक्षकका रूपमा रहेका छन्।

नेको इन्स्योरेन्स, कामाक्षा टी प्रोसेसिङ प्रालि र मोती आधारभूत विद्यालय सहयोगीका रूपमा रहेको हल्दिबारी जेसिजका महासचिव प्रायुष पौडेलले जानकारी दिए । डोरीतान खेलमार्फत युवालाई सक्रिय, अनुशासित र दक्ष जनशक्तिमा रूपान्तरण गर्न प्रतियोगिताको आयोजना गरिएको आयोजकले जनाएको छ।

प्रतियोगितामा सहभागी २०० बढी खेलाडीका लागि खाजा तथा खानाको व्यवस्थासमेत गरिएको पत्रकार सम्मेलनमार्फत सङ्घकी अध्यक्ष दवाडीले जानकारी दिए । उनका अनुसार प्रतियोगिता सम्पन्न गर्न नौ लाख ८२ हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको छ।

प्रतियोगिताको पहिलो संस्करण विसं २०७९ मा आयोजना गरिएको थियो । अघिल्लो संस्करणमा कचनकवल गाउँपालिकाले उपाधि हात पारेको थियो भने बुद्धशान्ति गाउँपालिका फस्ट रनर–अप भएको थियो। उक्त संस्करणमा ११ पालिका र तीन विभागीय समूहसहित १४ वटा समूहको सहभागिता थियो।रासस

# मुस्ताङमा आलुको उत्पादन क्षेत्र विस्तारः ६२ करोडको ८२ लाख बढीको बिक्री



**मुस्ताङ ।**

यहाँको पाँच स्थानीय तहमा ६२ करोड ८२ लाख ३५ हजार ४०० रुपैयाँ बराबरको आलु उत्पादन भएको छ। कृषि ज्ञान केन्द्र कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८२÷८३ मा यहाँका पाँच स्थानीय तहको चार सय ७८ हेक्टर क्षेत्रमा नौ हजार ६६५ मेट्रिक टन आलु उत्पादन भएको हो।

कृषि ज्ञान केन्द्रका प्रमुख राजेश गुरुङले गत वर्षको तुलनामा चालु वर्ष आलुको उत्पादकत्व र उत्पादन क्षेत्र आंशिक रूपमा विस्तार हुँदा ११ करोड ८४ लाख ७५ हजार ४०० रुपैयाँ बराबरको आलु उत्पादन वृद्धि भएको जनाइएको छ। केन्द्रका अनुसार चालु आवमा प्रतिहेक्टर २० दशमलव २२ मेट्रिक टन आलु उत्पादन भएको हो। गत वर्षभन्दा चालु वर्ष आलु उत्पादनको क्षेत्र १८ हेक्टर वृद्धि भएको हो। त्यसैगरी, गत वर्षको तुलनामा चालु आवमा यहाँ प्रतिहेक्टर करिब दुई मेट्रिक टन आलु उत्पादन वृद्धि भएको छ।

चालु आवमा जिल्लाका किसानले फार्म गेट औसत मूल्य प्रतिकेजी ६५ रुपैयाँ मा बिक्री भएकाले सोहीअनुसार कुल उत्पादन मूल्यको लेखाजोखा गरिएको केन्द्र प्रमुख गुरुङको भनाइ छ। कृषि ज्ञान केन्द्र र राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइको संयुक्त समन्वय र सहकार्यमा स्थानीय तहका कृषि प्राविधिकको उपस्थितिमा गरिएको क्रपकटिङ विधिबाट आलु उत्पादनको लेखाजोखा गरिएको उनले बताए। उनका अनुसार माथिल्लो मुस्ताङ, मध्यमुस्ताङ र तल्लो मुस्ताङलाई तीन क्षेत्रमा विभाजन गरी त्यहाँका विभिन्न आलु उत्पादनकर्ता किसानको खेतबारीमा पुगेर धेरै फल्ने, मध्यम फल्ने र कम फल्ने आलुको उत्पादन तथ्याङ्क सङ्कलन गरी औसत उत्पादनको मापन गरिएको छ।

गत वर्ष जिल्लाका पाँच स्थानीय तहमा गरी कुल चार सय ६० हेक्टर क्षेत्रमा आठ हजार ४९६ मेट्रिक टन आलु उत्पादन भएको कृषि ज्ञान केन्द्रको तथ्याङ्कमा उल्लेख छ। गत वर्ष यहाँ प्रतिहेक्टर १८ दशमलव ३८ प्रतिशत आलु उत्पादन भएको थियो। केन्द्रका अनुसार गत वर्षको तुलनामा चालु वर्षमा १३ दशमलव ७६ प्रतिशत स्याउ उत्पादन भएको छ।

त्यसैगरी, गत वर्ष चालु वर्ष एक हजार १६९ मेट्रिक टन आलु उत्पादन वृद्धि भएको केन्द्र प्रमुख गुरुङले बताए। गत वर्ष मुस्ताङमा प्रतिकेजी ६० रुपैयाँ मा आलु बिक्री भएकामा चालु वर्ष पाँच रुपैयाँ वृद्धि भई ६५ रुपैयाँ मा बिक्री भएको उनको भनाइ छ। चालु आवमा यहाँका पाँच स्थानीय तहमा उत्पादन भएको आलुमध्ये ६० प्रतिशत जिल्ला बाहिर, ३० प्रतिशत जिल्लाभित्र र १० प्रतिशत बीउ प्रयोजनका रूपमा खपत भएको हो। यहाँ घरायसी प्रयोजन र होटल रेष्टुराँमा एकतिहाइ आलु खपत हुने गरेको केन्द्र प्रमुख गुरुङले जानकारी दिए। यहाँ स्याउबालीभित्र अन्तरबालीका रूपमा पनि आलुखेती गर्ने गरिएको छ।

हिमाली जिल्ला उच्च भूगोलको चिसो हावापानीमा उत्पादन हुने मुस्ताङी आलु स्वादिलो र पोषिलो हुन्छ। मुस्ताङको आलु तरकारी, उसिनेर तथा साँधेर खाने प्रचलन छ। यहाँ उत्पादन गरिने लोकल सेतो आलु सहरबजारका उपभोक्ता तथा जिल्लामा आएका पर्यटकले औधी रुचाउने गर्छन्।

सहरबजारका थकाली भान्साघर होस् वा ठूला तारेहोटलमा किन नहोस् मुस्ताङी आलु आमउपभोक्तामाझ स्थापित भइसकेकाले पनि मुस्ताङी आलुको माग अधिक छ। पछिल्लो समय कोरला सडक सहज हुँदै जान थालेपछि मुस्ताङी स्याउपछि आलुको माग बढेको घरपझोङ–४ जोमसोमका किसान अजित थकालीले बताउनुभयो ।रासस

# एनपिएलः 'बलिङ'मा नेपाली र 'ब्याटिङ'मा विदेशी खेलाडी चम्किए




**काठमाडौँ ।**

यहाँ जारी नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो संस्करणको सोमबारसम्म १० खेल सम्पन्न भइसकेका छन् । आठ टिम सहभागी प्रतियोगितामा हालसम्मको नतिजामा सुदुरपश्चिम रोयल्स अग्रस्थानमा छ ।

लगातार तीन खेल जितेर छ अङ्कका साथ सुदुरपश्चिम शीर्षस्थानमा छ । समान तीन खेल खेलेर छ अङ्क नै जोडेको विराटनगर किंग्ड्स रनरेटका आधारमा दोस्रो स्थानमा छ । तीनमध्ये एक खेल जितेको काठमाडौँ तेस्रो, तीनमध्ये एक खेल नै जितेको लुम्बिनी लायन्स चौथो स्थानमा छ ।

चितवन राइनोज पाचौँ, कर्णली याक्स छैटौँ, साविक उपविजेता जनकपुर बोल्ट्स सातौँ र पोखरा एभेन्जर्स तालिकाको पुछारमा छ । दश खेल सम्पन्न भइसक्दा ब्याटिङमा विदेशी खेलाडीको प्रदर्शन उच्च देखिएको छ । बलिङतर्फ भने नेपाली खेलाडी अग्रस्थानमा छन् ।

कर्णाली याक्सबाट खेलिरहेका विदेशी खेलाडीको सबैभन्दा बढी एक सय ४७ रन बनाएका छन् । उनी हालसम्म सबैभन्दा बढी रन बनाउने खेलाडीको सूचीमा पहिलो स्थानमा छन् । उनले प्रतियोगितामा शतकसमेत बनाएका थिए । जुन जारी सिजनको एकमात्र शतक हो ।

त्यसैगरी, उच्च स्कोर बनाउनेको सूचीमा पनि विदेशी खेलाडी नै छन् । चिनवन राइनोजका रवि बोपरा एक सय १८ रन बनाउँदै दोस्रो उच्च स्कोर बनाउने खेलाडीको सूचीमा छन् । रविले जारी प्रतियोगितामा दुई अर्धशतकसमेत हिर्काइसकेका छन् । प्रतियोगितामा तेस्रो र चौथो उच्च स्कोर बनाउनेको सूचीमा भने नेपाली खेलाडी रहेका छन् । हालसम्म एक सय १४ रन बनाएका विराटनगर किंग्ड्सका लोकेश बम तेस्रो स्थानमा छन् । उनले एक अर्धशतक प्रहार गरिसकेका छन् । चौथो नम्बरमा रहेका पोखरा एभेन्जर्सका कप्तानसमेत रहेका कुशल भुर्तेलले एक सय १२ रन बनाएका छन् । यसमा उनले दुई अर्धशतक जोडेका थिए ।

यसैबीच हालसम्मको बलिङ प्रदर्शन हेर्ने होभने नेपाली खेलाडी प्रथम स्थान रहेका छन् । विराटनगर किङ्सका कप्तानसमेत रहेका सन्दीप लामिछाने सात विकेट लिँदै प्रथम स्थानमा छन् । दोस्रो नम्बरमा भने विदेशी खेलाडी रहेका छन् । सुदुरपश्चिमबाट खेलिरहेका हर्मित सिंह छ विकेटसहित दोस्रो स्थानमा छन् । सर्वाधिक विकेट लिने तेस्रो, चौथो नम्बरमा भने नेपाली खेलाडी अगाडि छन् । छ विकेट लिएका कर्णली याक्सका सोमपाल कामी तेस्रो र समान छ विकेट नै लिएका काठमाडौँका कप्तान करण केसी चौथो नम्बरमा छन् । पाँच विकेट लिएर पाँचौँ स्थानमा भने कर्णाली याक्समा अनुवन्धित विदेशी खेलाडी मिलिन्द कुमार छन् । उच्च रन बनाउनेको पाँचौँ नम्बरमा १०२ रन बनाएका कर्णाली याक्समा अनुबन्धित प्रियान्क पन्चाल रहेका छन् । उनले एक अर्धशतकसमेत प्रहार गरेका छन् ।



### प्रतियोगितामा एक शतक, दश अर्धशतक

जारी प्रतियोगितामा हालसम्म एक शतक र दश अर्धशतक प्रहार भएका छन् । यसमा विदेशी खेलाडी नै अगाडि छन् । प्रतियोगिताको एकमात्र शतक कर्णाली याक्सका विदेशी खेलाडी मार्क वाटले हिर्काएका छन् । उनले लुम्बिनी लायन्सविरुद्ध विस्फोटक शतकीय इनिङ खेलेका थिए । लुम्बिनीविरुद्ध एक सय १४ रनको अविजित इनिङ खेलेका वाटले ४१ बलमै शतक पूरा गरे । उनी एनपिएलमा सबैभन्दा छिटो शतक बनाउने ब्याटरसमेत हुन् ।

मार्क वाट एकै इनिङमा सबैभन्दा धेरै रन बनाउने ब्याटरसमेत बने । उनीअघि प्रतियोगिताको पहिलो संस्करणमा पोखरा एभेन्जर्सका आन्द्रियस गौसले शतक बनाएका थिए । गत वर्ष लुम्बिनीविरुद्ध नै गौसले एक सय चार रनको शतकीय इनिङ खेलेका थिए । यसक्रममा गौसले ५४ बलमा शतक बनाएका थिए । प्रतियोगितामा कुल १० अर्धशतक बने पनि नेपालबाट भने तीन ब्याटरले मात्रै एक इनिङमा ५० रन पूरा गरेका छन् । नेपालका कुशल भुर्तेल, लोकेश बम र आसिफ सेखले अर्धशतक बनाएका छन् । यसमध्ये पोखरा एभेन्जर्सका भुर्तेल लगातार दुई खेलमा अर्धशतक बनाउने एकमात्र नेपाली ब्याटर हुन् । कुशलसँगै चितवन राइनोजका रवि बोपाराले पनि दुई अर्धशतक बनाएका छन् । यसबाहेक कर्णाली याक्सका प्रियाङ्क पन्चाल, विराटनगर किङ्ग्सका लोकेश बम र मार्टिन गप्टिल, सुदुरपश्चिम रोयल्सका जोस ब्रोन, हर्मित सिंह र जनकपुर बोल्ट्सका सेखले अर्धशतक बनाएका छन् ।

### कीर्तिमानी टिमको स्कोर बनाउने विराटनगर, कम बनाउने कर्णाली

जारी प्रतियोगितामा उच्च स्कोर बनाउने टिममा विराटनगर रहेको छ । उसले पोखराविरुद्ध दुई सय २० रन बनाएको थियो । जुन एनपिएल इतिहासकै उच्च स्कोर हो । दोस्रो उच्च बनाउने टिमको सूचीमा भने सुदुरपश्चिम छ ।

सुदुरले पनि पोखराविरुद्ध नै एक सय ९३ रन जोडेको थियो । जारी सिजनमा सबैभन्दा कम स्कोर बनाउनेको सूचीमा कर्णाली छ । सुदुरपश्चिमविरुद्ध ब्याटिङ गरेको कर्णाली ९४ रनमा समेटिएको थियो । उक्त स्कोर प्रतियोगिताकै कम हो ।रासस

# नाइजेरियामा अपहरण गरिएका ८९ जनाको उद्धारः राष्ट्रपति

नाइजेरियाका राष्ट्रपति बोला टिनुबुले देशको मध्य क्षेत्रमा गत हप्ताको सुरुमा अपहरण गरिएका कम्तीमा ८९ जना पीडितको उद्धार भएको पुष्टि गरेका छन्।

उद्धार गरिएका पीडितहरूमा क्वारा राज्यको एरुकुको चर्चमा प्राथनाको क्रममा अपहरण गरिएका ३८ जना उपासक र शुक्रबार नाइजरको स्कूल आक्रमणमा पक्राउ परेका कम्तिमा ५१ जना विद्यार्थी रहेको टिनुबुले सामाजिक सञ्जाल एक्समा मार्फत एक विज्ञप्ति जारी गर्दै बताएका हुन्। अगवारा स्थानीय सरकारी क्षेत्रको सेन्ट मेरी स्कुलमा आक्रमण गर्ने आतङ्ककारीले कम्तीमा ३१५ जना विद्यार्थी तथा शिक्षकहरूलाई बन्धक बनाएको बताइएका छन्।


उनले नाइजेरियामा भएको अपहरणको घटनाको कारण दक्षिण अफ्रिकाको जोहानेसबर्गमा भएको जी–२० शिखर सम्मेलनका लागि तय भएको योजनाबद्ध यात्रा रद्द गरेका थिए। पीडितको उद्धार सुरक्षा एजेन्सीहरूको समन्वयमा गरेको अपरेसनको कारण संभव भएको बताएका छन्।

प्रत्येक नाइजेरियालीलाई राज्यमा, सुरक्षाको अधिकार रहेको उल्लेख गर्दै राष्ट्रलाई सुरक्षित बनाई जनताको रक्षा गर्ने "टिनुबुले बताएका छन्।

नाइजेरियाका राष्ट्रपतिले प्रहरी र सरकारी अधिकारीहरूलाई जनताको सुरक्षामा ध्यान केन्द्रित गरि सुरक्षा प्रदान गर्न आदेश दिदै टिनुबुले देशमा विद्यमान सुरक्षा चुनौतिहरूलाई ध्यानमा राख्दै सबै समुदायमा प्रहरी परिचालन गर्नु पर्ने बताएका छन् ।एजेन्सी

# कोप–३०: १.५ डिग्री तापक्रममा सीमित राख्ने लक्ष्यमा ऐक्यबद्धता

**काठमाडौँ।**
जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको ३०औँ सम्मेलन (कोप–३०)मा ब्राजिलको बेलेममा सम्पन्न भएको छ। यही नोभेम्बर १०–२१ तारिखसम्म आयोजना भएको सम्मेलनको निष्कर्षमा सहमति हुन नसक्दा निर्धारित समय लम्बिएको हो। सदस्य राष्ट्रहरूबीच जीवाष्म इन्धनको मुद्दा, अनुकूलन वित्त, जलवायु न्यायलगायत विषयमा सहमति हुन नसक्दा एक दिन समय लम्बिएको थियो।




सम्मेनलस्थलमा अधिकारकर्मी र आदिवासी समुदायले आफ्ना हकअधिकार तथा जीवाष्म इन्धन अन्त्यको मागसहित विशाल प्रदर्शन गरेका थिए। अन्तिम साता सम्मेलनस्थलमा भएको आगलागीले केही समय कार्यक्रम सञ्चालनमा अवरोधसमेत पुगेको थियो।

यस सम्मेलनमा देखिएको विश्वभरबाट रहेको सहभागिता, छलफल र निष्कर्ष हेर्दा उपलब्धि औसत रहेको जानकारहरूको भनाइ छ। संयुक्त राज्य अमेरिकामा डोनाल्ड ट्रम्प दोस्रो कार्यकाल राष्ट्रपतिमा निर्वाचित भएपछि अमेरिका पेरिस सम्झौताबाट बाहिरिएको घटनाले पनि सम्मेलन तुलनात्मक रूपमा उत्साहजनक देखिएन।

अर्को तर्फ रुस–युक्रेन युद्धले सम्पूर्ण युरोप र रुसबीच देखिएको ध्रुवीकरण, इजरायल–गाजा भयानक युद्धको भर्खरै समाप्तीलगायत विश्वका विभिन्न क्षेत्रमा देखिएको द्वन्द्वका बीच यो सम्मेलन भएको थियो।

संयुक्त राष्ट्रसङ्घका जलवायु परिवर्तन कार्यकारी सचिव साइमोन स्टिलले सम्मेलन समापनमा सम्बोधन गर्दै यस वर्ष एउटा देश पछाडि हटेको विषयले ठूलो ध्यान खिचेको बताए। उनका अनुसार तीव्र राजनीतिक हावाहुरीबीच पनि १९४ देशहरू जलवायु सहयोगका पक्षमा ठोस र अविचल समर्थनसहित ऐक्यबद्ध रूपमा उभिएका छन्। उनले सम्मेलनमा एक दशमलव पाँच डिग्री तापक्रममा सीमित राख्ने लक्ष्यमा राष्ट्रहरू एकसाथ उभिएका भन्दै पेरिस सम्झौता प्रभावकारी रूपमा अघि बढिरहेको उल्लेख गरे। कार्यकारी सचिव स्टिलले हालको भू–राजनीतिक तनाव, विभाजन र जलवायु अस्वीकारले अन्तरराष्ट्रिय सहकार्यलाई असर पारे पनि १९४ देशहरूको ऐक्यबद्धता जलवायु कार्यका लागि महत्वपूर्ण आशाको स्रोत भएको धारणा व्यक्त गरे।

उनले भने, 'हामी अहिले जलवायु लडाईं जितिरहेका छैनौँ, तर हामी निःसन्देह अझै पनि यसमा छौँ र लडिरहेका छौँ ।' सम्बोधनमा उनले जलवायु सहनशीलता, स्वच्छ ऊर्जा र न्यायोचित रूपान्तरणसम्बन्धी नयाँ सहमतिलाई कोप–३० को महत्वपूर्ण उपलब्धि भएको बताए । उनका अनुसार रूपान्तरणको मार्ग अपरिवर्तनीय भइसकेको छ। नवीकरणीय ऊर्जामा विश्वव्यापी लगानी जीवाष्म इन्धनको भन्दा दोब्बर भएको तथ्यले यसलाई पुष्टि गर्छ।

कार्यकारी सचिव स्टिलले कोप–३० ले अगाडि सारेको कार्यसूचिअन्तर्गत स्वच्छ विद्युत् ग्रिडका लागि एक ट्रिलियन डलर, सयौँ मिलियन हेक्टर वन, भूमि तथा महासागर संरक्षण तथा पुनःस्थापना र ४० करोडभन्दा बढी मानिसलाई जलवायु–प्रतिरोधसक्षम बनाएको प्रगति उल्लेख गरे। दैनिक जीवनमा बढ्दो महँगी, प्रदूषण, जलवायु–विपद्का जोखिम र ऊर्जा मूल्य वृद्धिजस्ता चासोहरूलाई यस सम्मेलनले सम्बोधन गर्न सुरु गरेको उल्लेख गर्दै उनले दुष्प्रचारले विश्वव्यापी जलवायु प्रयासलाई कमजोर पारेको चेतावनी दिए । सम्बोधनमा उनले धेरै मुलुकहरूले जीवाष्म इन्धनको निर्भरता घटाउने, वित्तीय योगदान बढाउने र जलवायु–विपद्को प्रतिक्रिया क्षमता विस्तार गर्ने मागलाई समर्थन गरेको बताए।

यद्यपि सबै विषयमा अपेक्षित जति छिटो प्रगति नभएको स्वीकार गर्दै कार्यकारी सचिव स्टिलले कोप–३० ले मार्ग स्पष्ट बनाइदिएको बताए । अबको प्राथमिकता राष्ट्रिय जलवायु योजना (एनडिसिज) हरूको शीघ्र कार्यान्वयनमा केन्द्रित हुनुपर्नेछ। कार्यकारी स्टिलले सम्मेलनमा प्रस्तुत 'मुटिराओ' (सामूहिक प्रयासको भावना) अब भविष्यका वर्षमा पनि निरन्तरता पाउनुपर्ने बताए।

जलवायु विज्ञ मञ्जित ढकालले विश्व भू–राजनीतिक अवस्था, जलवायु परिवर्तनका घटनामा उल्लेख्य वृद्धि, पेरिस सम्झौताको १० वर्षलगायत विषम परस्थितिमा भएको कोप–३० सम्मेलन भएको बताए । यस्तो अवस्थामा संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा रहेर सम्मेलनमा सहभागी राष्ट्रहरुले सहकार्य गरी जलवायुका असर समाधान गर्ने एकमत देखिएको सन्देश दिन सफल भएका उनले बताए।

त्यस्तै, अतिकम विकसित राष्ट्रहरुले उठाएको अनुकूलन सहयोग तीनगुणा बढाउनुपर्ने विषय समेटिएको विषय सकारात्मक छ भने अर्को तिर नेपाल, भूटान कीजिगिस्तानलगायत मुलुकहरूले उठाएको हिमालका विषय समेट्नुपर्ने भन्ने आवाजलाई एक हदसम्म सम्बोधन भएको छ। कार्बन उत्सर्जन घटाउने विषयमा भने तेल उत्पादन गर्ने राष्ट्रहरुको दबाबका कारण ठोस उपलब्धि हुन नसकेको विज्ञ ढकालले उल्लेख गरे।

नेपालका लागि कति उपलब्धिमूलक?

नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सम्मेलनमा भाग लिएका कृषि तथा पशुपन्छी विकासमन्त्री डा मदनप्रसाद परियारका अनुसार सम्मेलनमा नेपालले आफ्ना मुद्दा उजागर गर्ने सन्दर्भमा फलदायी भएको छ । उनले सम्मेलनको मन्त्रिस्तरीय सत्रलाई सम्बोधन गर्दै विकसित राष्ट्रहरूले विगतमा गरेका जलवायु वित्तसम्बन्धी प्रतिबद्धता पूरा गर्नुपर्ने बताएका थिए।

विश्वव्यापी बढ्दो तापक्रमलाई नियन्त्रण गर्न १ दशमलव ५ डिग्री सेल्सियसको लक्ष्य साकार पार्न उदाउँदो अर्थतन्त्रसहित सबै पक्षहरूले रचनात्मक रूपमा संलग्न हुनुपर्नेमा उनको जोड थियो। मन्त्री डा परियारले गत जेठमा काठमाडौँमा सम्पन्न सगरमाथा संवादको सन्दर्भ स्मरण गराउँदै युएनएफसिसिसी प्रक्रियामा हिमालसम्बन्धी एजेन्डालाई तुरुन्तै समावेश गराउन आग्रह गरेका थिए । जलवायु परिवर्तनका असरबाट प्रभावित नेपालजस्ता मुलुकका लागि जलवायु वित्तमा वृद्धि, सहज पहँुच, प्रक्रिया सरलीकरण र प्रविधि हस्तान्तरणजस्ता विषयमा पनि नेपालले जोड दिएको थियो । त्यस्तै, वन तथा वातावरण मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्रले कोप–३० सम्मेलनको पूर्वसन्ध्यामा गत कात्तिक २० र २१ गते भएको 'लिडर समिट'मा नेपालका तर्फबाट वक्तव्य दिँदै पृथ्वीको सुरक्षाका लागि सबैले मिलेर कार्य गर्नुपर्ने बताएका थिए। उनले हिमालय क्षेत्र नेपालको पहिचान मात्र नभई अर्बौं जनताका लागि जैविक विविधता, स्वच्छ हावा र पानीका प्रमुख स्रोत भएको बताउँदै यसको सुरक्षाका लागि सामूहिक प्रयासको खाँचो औँल्याएका थिए।

सचिव डा मिश्रले नेपालमा जलवायु सङ्कट तीव्र बन्दै गएको उल्लेख गर्दै यस वर्षमात्र बाढी, पहिरो, खडेरी, हिमताल फुट्ने घटना र वन डढेलोका कारण तीन सयभन्दा बढी नेपालीले ज्यान गुमाउनुपरेको अवगत गराएका थिए।

वन मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा महेश्वर ढकालले सम्मेलनमा नेपालका जलवायुका मुद्दा उजागर गर्ने, संरक्षण र अनुकूलनमा भएका राम्रा अभ्यास तथा प्रयासका बारेमा विश्वजगतलाई अवगत गराउने काम भएको बताए।

उनका अनुसार सम्मेलनमा नेपालले जलवायुजन्य हानिनोक्सानी, अनुकूलन, न्यूनीकरण, कार्बन वित्त र पेरिस सम्झौताको धारा ६, जलवायु वित्त, क्षमता अभिवृद्धि र प्रविधि हस्तान्तरण तथा जलवायु न्यायलगायतका विषयका मुद्दा उठाएको थियो।

नेपालले खासगरी सन् २००९ मा डेनमार्कको कोपनहेगनमा भएको कोप–१५ देखि जलवायु परिवर्तनले हिमाली पारिस्थितिकीय प्रणालीमा पारेको असरबारे विश्वको ध्यानाकर्षण गराउँदै आएको छ । पेरिस सम्झौताअनुसार विश्वसमुदायले यस शताब्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम एक दशमलव पाँच डिग्री सेल्सियसभन्दा बढ्न नदिने सहमति गरे पनि सन् २०५० भन्दा पहिले हिमाली क्षेत्रको तापक्रम सरदर एक दशमलव आठ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ। साथै उच्च तापक्रम वृद्धिले गर्दा यस क्षेत्रमा रहेका हिमालका दुई तिहाइ हिम भण्डारहरू पग्लिने अनुमान अध्ययनले गरेका छन्। तसर्थ यस विषयको संवेदनशीलतालाई बुझेर हिमाल संरक्षणका लागि प्रभावकारी कदम चाल्न समयमै विश्वको ध्यान जान जरुरी छ।रासस\

# एउटा कर्मचारीको भरमा बलेवा विमानस्थल



**बागलुङ ।**
बागलुङको बलेवा विमानस्थलमा २०७५ सालयता कुनै पनि जहाज आउन सकेका छैनन् । जहाज नआउँदा सुनसान बनेको बागलुङको बलेवा विमानस्थलको हेरचाहको जिम्मा बलेवाका सविता शर्मा पौडेलले गर्दै आएका छन ।

बाह्र वर्षयता विमानस्थलको रेखदेख गर्दै आएकी सविताको काँधमा भौतिक सम्पत्तिको संरक्षणदेखि सरसफाइसम्मको जिम्मेवारी छ । सुनसान विमानस्थलमा एक्ली कर्मचारीका रूपमा उनि कार्यरत छन । बागलुङको बलेवा विमानस्थलमा २०४८ सालसम्म धुलो उडाउँदै नियमित विमान अवतरण र उडान भए पनि त्यसयता नियमित सञ्चालनमा आउन सकेको छैन ।

बागलुङ पोखरा राजमार्ग विस्तार भएपछि यात्रु अभावमा विमानस्थल बन्द भयो । स्थानीयले जग्गा खनेर २०२२ सालमा निर्माण गरेको विमानस्थल चलाउन पहल भने नभएको होइन । बागलुङ नगरपालिका–१४ नारायणस्थानमा रहेको विमानस्थल अहिले सुनसान छ ।

बन्द भएको विमानस्थलमा समयसमयमा चाटर्ड उडान भने भइरहन्थे । करिब २६ वर्षपछि बागलुङ नगरपालिकाले विमानस्थल सञ्चालनमा ल्याउने प्रयास थालेसँगै नगरपालिकाको संयोजनमा विसं २०७४ चैत ९ गतेदेखि पुनःसञ्चालनमा आएको थियो ।

नेपाल एयरलाइन्स तथा तारा एयरलाइन्सका जहाजले केही महिना हिउँदमा धसलाम्मे र बर्खामा हिलाम्मे धावनमार्गमा उडानसमेत भरेका थिए । त्यसपछि विमानस्थल बन्द भयो र धावनमार्ग कालोपत्र थालियो । तर धावनमार्ग कालोपत्र भएको चार वर्ष बित्नै लागे पनि कालोपत्र धावनमार्गमा एकपटकसमेत जाहाज आउन सकेको छैन ।

बागलुङ नगरपालिकामा निर्वाचित जनप्रतिनिधि आइसकेपछि विमानस्थल सञ्चालनमा ल्याउन हप्तामा दुई दिन उडान भर्ने र यात्रु अभाव हुँदाको भाडा नगरपालिकाले व्यहोर्ने सम्झौता गरेपछि केही महिना सञ्चालनमा आएको विमानस्थल धावनमार्ग पक्की बनेपछि ठप्प बनेको हो ।

कालोपत्र भएर चिटिक्क बनेको विमानस्थलमा अहिलेसम्म परीक्षण उडानसमेत नभएको बागलुङ नगरपालिका–१४ नारायणस्थानका वडाध्यक्ष एवं बागलुङ नगरपालिकाका प्रवक्ता चक्रबहादुर खत्रीले बताए । उनले बलेवाका स्थानीय अझै जहाज आउनेमा आशावादी रहेको बताउँदै पटकपटक जहाज चलाउन पहल भए पनि सार्थकता पाउन नसकेको उल्लेख गरे ।

'पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेलाई विमानस्थल अवलोकनसमेत गराइयो, धुलो उडाउँदै उड्ने जहाज कालोपत्र हुँदा आएनन्, विमानस्थलमा उपकरण चुस्त र सुरक्षित छन', खत्रीले भने, 'राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कालीगण्डकी करिडोर कालोपत्रको चरणमा रहेकाले कालोपत्र भइसक्दा यात्रु सहज ढङ्गले विमानस्थलमा आउने वातावरण भएमा विमानस्थल चल्न सक्छ, नगरपालिकाले विमानस्थललाई पाइलट प्रशिक्षण केन्द्र तथा अल्ट्रालाइटजस्ता शाहसिक उडानका लागि पहल गरिरहेको छ ।'

पर्यटन तथा नागरिक उड्डयनमन्त्री पाण्डेले विमानस्थल चलाउन पहल गर्ने भनिए पनि निजी क्षेत्रका एयरलाइन्सले यात्रु सुनिश्चितता नभएसम्म उडान भर्न नमान्ने गरेको बताउनुभएको खत्रीले जानकारी दिए ।

धावनमार्ग कालोपत्र, तारबार, टावर मर्मत तथा विमान पार्किङ लगायतको काम सम्पन्न भएको चार वर्ष बित्दा परीक्षण उडान हुन नसक्नु दुःखद् भएको बागलुङ नगरपालिकाका पूर्वनगरप्रमुख जनकराज पौडेलले जानकारी दिए ।

'हाम्रो पालामा कालोपत्र भएको विमानस्थल चलाउन अहिलेको जनप्रतिनिधिले पल गर्न आवश्यक छ । तत्कालीन अवस्थामा आफूले नगरपालिकाको १० लाख रुपैयाँ धरौटी राखेर विमानस्थल चलाइएको हो । धावनमार्ग कालोपत्रपछि अहिलेको जनप्रतिनिधिले विमानस्थल चलाउन पहल गरेका छैन', उनले भने ।

उत्तर–दक्षिण जोड्ने कालीगण्डकी करिडोरको मध्यभागमा पर्ने विमानस्थलको पर्यटकीय रूपमा पनि सम्भावना भए पनि विमानस्थल चलाउन नसकिएको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले स्वीकार गरे । उनले नगरपालिकाको पहलले मात्रै विमानस्थल चलाउन समस्या हुने बताउँदै सङ्घीय, प्रदेश र स्थानीय सरकारको सहकार्य र समन्वयमा मात्रै विमानस्थल सञ्चालन गर्न सकिने धारणा राखे । विमानस्थलको ७०० मिटर लामो धावनमार्ग कालोपत्र गरेर चिटिक्क पारे पनि अहिलेसम्म जहाज आउन नसकेको उनको भनाइ छ । चौबिस मिटर चौडा, तारबारले घेरिएको, टर्मिनल भवन मर्मत गरेर रङरोगनसमेत गरिएको नगरप्रमुख श्रेष्ठले जानकारी दिए । विमानस्थल हवाइजहाजको पर्खाइम चार वर्ष बितिसकेको छ । नागरिक उड्डयन प्राधिकरणले आठ करोड रुपैयाँ खर्चेर चार वर्षअघि मात्रै विमानस्थल कालोपत्र तथा अन्य पुराना पूर्वाधार मर्मत गरेको थियो ।

विमानस्थलमा गरेको लगानी जहाज नआउँदा बालुवामा पानी जस्तै भएको राम शर्माले बताए । यहाँ १८ देखि २४ सिट क्षमताका जहाज सञ्चालन हुने सक्छन् । बागलुङ नगरपालिका–१४ नारायणस्थानमा सो विमानस्थल छ । हवाई सेवा नियमित भएमा बागलुङ जिल्लाका साथै पर्वत र म्याग्दीका जनतालाई सुविधा पुग्नेछ । कालीगण्डकी करिडोरसँग जोडिएको विमानस्थल पुग्न बागलुङ बजारबाट १२ किलोमिटर सडक पर्दछ । उक्त सडक कालोपत्रको चरणमा छ ।

मध्यपहाडी लोकमार्ग र कालीगण्डकी करिडोर कालोपत्र सम्पन्न भएपश्चात् विमानस्थल सञ्चालनका लागि यात्रुको अभाव नहुने सरोकारवाला निकाय बताउँछ ।रासस

# 'भूमिहीन दलित'लाई प्राथमिकता राखी सुकुम्बासी व्यवस्थापन गरिने

**काठमाडौँ ।**
सरकारले देशभरका भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने उद्देश्यले उनीहरूको पहिचान तथा लगत सङ्कलन सुरू गरेको छ । भूमि, सहकारी तथा गरिबी निवारण मन्त्रालयले उनीहरूको व्यवस्थापनका लागि यस किसिमका बसोबास भएका समुदायको उचित व्यवस्था गर्ने उद्देश्यले जिल्लाका स्थानीय तहसँग समन्वय गरी लगत तयार गर्न लागिएको मन्त्रालयका सहायक प्रवक्ता दामोदर वाग्लेले जानकारी दिए । उनका अनुसार लगत लिँदा दोहोरो गणना हुनसक्ने भएकाले एकद्वार प्रणालीबाट स्थानीय तहसँग समन्वय र सहकार्य गरिएको छ ।

मन्त्रालयले भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको सिफारिस गर्दा स्थानीय तहलाई प्रभावकारी रूपमा अध्ययन तथा मापदण्डको प्रक्रिया पूरा गर्न आग्रह गरेको छ । भूमिहीन सुकुम्बासीको व्यवस्थापन राज्यको दायित्व भएको बताउँदै उनले सरकारले सुकुम्बासी व्यवस्थापनका क्रममा 'भूमिहीन दलित' लाई प्राथमिकता राख्ने उल्लेख गरे ।

'सामान्यतया 'भूमिहीन सुकुम्बासी' र 'अव्यवस्थित बसोबासी' लाई 'सुकुम्बासी' भन्ने गरिए पनि कानुनी 'पमा फरक छ । देशभर कहीँकतै जमिन नभएका परिवार तथा परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जगगाको प्रबन्ध गर्न असमर्थ व्यक्ति र निजप्रति आश्रित परिवारका सदस्यलाई 'सुकुम्बासी' भनिन्छ', प्रवक्ता वाग्लेले भने ।

देशको कुनै पनि स्थानमा जमिन भएर पनि अन्यत्र कतै दशकौँदेखि आवादी गरी बसेका जग्गा जमीन उनीहरूको नाममा दर्ता नभएका परिवारलाई अव्यवस्थित 'बसोबासी' भनिन्छ । उनीहरूको जमिनलाई सरकारले मूल्याङ्कन गरी तोकिएको राजस्व लिएर जग्गा धनी पूर्जा प्रदान गर्ने उनले जानकारी दिए । लामो समयदेखि बसेका उनीहरूलाई यसरी व्यवस्थित गर्दा सरकारलाई धेरै राजस्व प्राप्त हुने जनाइएको छ । यस्ता बसोबासी व्यवस्थापन गर्दा जङ्गल तथा सार्वजनिक स्थल अतिक्रमण गरी बनाइएका बस्ती उनीहरूलाई दिइने छैन ।रासस

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१


# सीतारामको विवाह सम्पन्न, राम कलेवासँगै महोत्सव सकिँदै













**मधेशदृष्टि**
**जनकपुरधाम।**
त्रेता युगमा भएको भगवान राम सीताको विवाहको सम्झनामा जनकपुरधामा मनाइने विवाह पञ्चमी महोत्सव अन्र्तगत मंगलवार स्यम्बर र विवाह सम्पन्न भएको छ।
विवाहपञ्चमी महोत्सवको छैठौँ दिन मंगलबार जनकपुरधाम उल्लासमय बनेको छ। जानकी मन्दिरबाट माता सीताको डोला र राम मन्दिरबाट भगवान् रामको डोला निकालिएर ऐतिहासिक रंगभूमि मैदानमा परम्परागत विधिअनुसार परिक्रमा गराई स्वयम्बर सम्पन्न गरिएको छ।
डोलासँगै लाखौँ श्रद्धालु जनकपुर नगर परिक्रमा यात्रामा सहभागी भएका थिए । स्वयम्बरका क्रममा आकाशबाट हेलिकोप्टरमार्फत पुष्पवृष्टि गरिँदा वातावरण अझै भक्तिमय बनेको थियो। विधिपूर्वक स्वयम्बर सम्पन्न भएपछि डोलाहरू आफ्ना–आफ्ना मन्दिरतर्फ फर्किएका छन्। हरेक मठमन्दिरबाट भगवानको डोली सजिएको सिंगासनमा राखेर स्थानिय रंगभूमि मैदानमा पुर्याएको छ।
जहाँ राम मन्दिरबबाट पुगेका डोलालाई आरती गर्दै परिक्रमा गराइएको थियो। जानकी मन्दिर र राम मन्दिरमा रहेका भगवानको मालालाई एक अर्कामा फेरि गराउँदै नगर परिक्रमा गराइएको थियो । नगर परिक्रमामा लाखौँको संख्यामा श्रद्धालुको सहभागिता थियो। उनीहरुले नाचगान गर्दै नगर परिक्रमा गरेका थिए। नगर परिक्रमा जनकपुरधामको विभिन्न मठमन्दिरको डोलाका साथै साधुसन्तको समेत सहभागिता रहेको थियो । साँझ जानकी मन्दिरको बाहिरी प्रांगणमा निर्माण गरिएको भव्य मण्डपमा सीता–रामको विवाह मैथिली परम्परा र विधानअनुसार सम्पन्न गरिनेछ । नेपाल–भारतका विशिष्ट अतिथि, साधुसन्त तथा सामान्य भक्तजनको ठूलो भीड जनकपुरमा जमेको छ, जसले अद्भूत धार्मिक उल्लास बीचको सीताराम विवाह समारोहलाई अझ भव्य बनाइरहेको छ। विवाह पञ्चमी महोत्सव अन्र्तगत बुधवार राम कलेवासँगै सातदिने विवाह पञ्चमी महोत्सवको समापन गरिने छ।

# सुशासन प्रवर्द्धन र निर्वाचनको अभिभारा पूरा गर्ने सरकारको मुख्य जिम्मेवारीः गृहमन्त्री

**लुम्बिनी ।**
गृहमन्त्री ओमप्रकाश अर्यालले सुशासन प्रवद्र्धन गर्दै निर्वाचन सम्पन्न गर्ने अभिभारा वर्तमान सरकारको रहेको बताएका छन । उनले सुशासन प्रवद्र्धन र निर्वाचनको अभिभारा पूरा गर्ने मुख्य जिम्मेवारीलाई मूलमन्त्र मानेर वर्तमान सरकारले काम गरिरहेको बताए ।
लुम्बिनी प्रदेशस्तरीय सुरक्षा गोष्ठीलाई मंगलवार भैरहवामा सम्बोधन गर्दै गृहमन्त्री अर्यालले सरकारले त्रासदीपूर्ण अवस्थालाई पार लगाउँदै सुरक्षाको अवस्थालाई सामान्य बनाउन सफल भएको र अब चुनाव गरेर नेतृत्व हस्तान्तरण गर्ने जिम्मेवारी आफूहरुको काँधमा रहेको बताए । उनले विभिन्न बहाना बनाएर चुनाव हुँदैन भन्ने र गर्न सक्दैनन् भनेर सार्वजनिक खपतका कुरा गर्नेहरुलाई कामले जवाफ दिने बताए ।
'विभिन्न बहाना देखाएर चुनाव हुँदैन भन्ने र गर्न सक्दैनन् भन्ने कुराहरु कहीँ कतै सुनिएका छन', उनले भने, 'सार्वजनिक खपतका लागि बोलिएका यस्ता विषयलाई सरकारले आफ्नो काम र भूमिकाबाट जवाफ दिन्छ र दिइरहेको छ ।'
राजनीतिक दलहरुले लुटिएका हतियार र फरार कैदी बन्दीलाई प्रमुख सुरक्षा चुनौतीका रुपमा औँल्याएको सन्दर्भमा गृहमन्त्री अर्यालले भने, 'हामीले धेरै परिमाणमा विशेष अपरेसनमार्फत ती हतियार फिर्ता ल्याइसकेका छौँ, ठूलो सङ्ख्यामा कैदी पनि फिर्ता भइसकेका छन् ।'
गृहमन्त्री अर्यालले आफूहरु सुशासन र भ्रष्टाचार नियन्त्रणको माग राखी जेन्जी युवाबाट गत भदौ २३ र २४ गते भएको प्रदर्शनपश्चात् विषम परिस्थितिमा निर्माण भएको सरकारको जिम्मेवारीमा आएको बताए । 'वर्तमान सरकार कसैको निगाहामा बनेको होइन, हामी कुनै अपेक्षाले आएका होइनौँ र हाम्रो व्यक्तिगत इच्छाले आएका होइनौँ', उनले भने, 'देशको विशिष्ट अवस्थामा, शून्यतालाई पूरा गर्न परिस्थितिले विशेष जिम्मेवारी सुम्पेको हुँदा त्यसका लागि आएका हौँ ।'
शान्ति र अहिंसाको सन्देश दिन प्रदेशस्तरीय सुरक्षा गोष्ठीको सुरुआत बुद्ध जन्मस्थल लुम्बिनीबाट गरिएको गृहमन्त्री अर्यालले बताए ।
गोष्ठीबाट प्रदेश सरकारले सुदृढ सुरक्षा योजना बनाउने अपेक्षा लिएको उनको भनाइ छ । गृहमन्त्री अर्यालले लुम्बिनी प्रदेश राजस्व चुहावटको दृष्टिले जोखिममा रहेको उल्लेख गर्दै सुशासनको जगमा बनेको यो सरकारले चुहावट नियन्त्रणमा शून्य सहनशीलताको नीति अवलम्बन गरेको बताए ।
'कसैलाई गलत तवर रिजाउनुपर्ने अवस्था छैन, व्यावसायिक ढङ्गले कार्य सम्पादन गर्दा पुग्छ', उनले भने, 'त्यसैले यस गोष्ठीसँगै राजस्व चुहावट नियन्त्रणमा सरकारी संयन्त्रको संलग्नताका केही कमजोरीहरु बाँकी छन् भने ती अन्त हुनुपर्दछ ।'
नेपाल–भारत सीमाक्षेत्रका भन्सारहरूमा राजस्व चुहावट भइरहेको र नियन्त्रण हुन नसकेको विषयमा गृहमन्त्री अर्यालले सुरक्षा अधिकारीहरूको ध्यानाकर्षण गराउनुभएको छ । प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा सम्बोधन गर्दै उनले खुला सिमानाबाट राजस्व चुहावटका गतिविधि नरोकिएको भन्दै गम्भीर ध्यानाकर्षण गराउनुभएको हो ।
कार्यक्रममा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले संविधानको रक्षा र यसको पूर्ण कार्यान्वयन अहिलेको मुख्य प्रश्न रहेको बताए ।
'कुनै नेता गलत होलान् तर, सिस्टम बिग्रिएको छैन', उनले भने, 'कतिपय नेताहरू बिग्रिएका होलान्, तर सिस्टम बिग्रिएको छैन । प्रणाली बिग्रिएको छैन । यो कुरा आत्मसात् गर्नु सबै निकायका लागि जरुरी छ ।'
सुरक्षा क्षेत्रमा पनि आमूल परिवर्तनको आवश्यकता औँल्याए । आन्दोलनका नाममा व्यक्तिगत सम्पत्ति जलाउनेलाई कानुनी दायरामा ल्याउन सङ्घीय सरकार गम्भीर हुनुपर्ने उहाँले बताए । मुख्यमन्त्री आचार्यले सुशासन कायम गर्ने र भ्रष्टाचार न्यूनीकरण गर्ने अभियानमा नै प्रदेश सरकार रहेकाले स्पष्ट पारे ।
'सरकारको नेतृत्व सम्हाल्दा गरेका सङ्कल्प र अठोट पूरा गर्नेगरी काम अघि बढेका छौँ । सुशासन प्रवद्र्धन र भ्रष्टाचार न्यूनीकरणको रणनीति बनाएर काम गरिरहेका छौँ, मन्त्रीहरूलाई आचारसंहिता लागू गरेका छौँ', उनले भने 'पूर्व विशिष्टका सेवा–सुविधा खारेज गरेर अघि बढेको यही सरकार हो ।'
कार्यक्रममा गृहसचिव रामेश्वर दङ्गाल, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्की, सशस्त्र प्रहरीका प्रमुख राजु अर्याल र १२ जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा जिल्ला प्रहरी प्रमुखहरू सहभागी गोष्ठीमा लुम्बिनी प्रदेशको सुरक्षा चुनौती संश्लेषण गर्ने, निर्वाचनका लागि आवश्यक रणनीति तयार गर्ने गरी सुरक्षा तयारी गर्नेछ ।रासस

# एमाले ११औँ महाधिवेशनः
## ईश्वर पोखरेलको अध्यक्षमा उम्मेदवारी घोषणा



**मधेशदृष्टि**
**काठमाडौँ।**
नेकपा (एमाले) का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले पार्टीको आगामी ११औँ राष्ट्रिय महाधिवेशनका लागि अध्यक्ष पदमा आफ्नो उम्मेदवारी औपचारिक रूपमा सार्वजनिक गरेका छन्। उनले मंगलबार एक विस्तृत वक्तव्य जारी गर्दै पार्टीको नेतृत्व सम्हाल्न तयार रहेको घोषणा गरेका हुन्।
वक्तव्यमा पोखरेलले आफ्नो दीर्घ राजनीतिक यात्रामा इमान, निष्ठा र नैतिकताको साथ कहिल्यै सम्झौता नगरेको उल्लेख गर्दै शक्तिमुखी राजनीति होइन, विधि, समन्वय, सामूहिकता र सहकार्यमा आधारित नेतृत्वमा आफू विश्वस्त रहेको स्पष्ट पारे। पार्टी निर्माणका सम्बन्धमा आफ्ना विचार र देशभरका कार्यकर्ताबाट प्राप्त आग्रहका आधारमा अध्यक्ष पदमा प्रतिस्पर्धा गर्ने निर्णयमा पुगेको उनले बताएका छन्।
२०६५ सालमा बुटवलमा सम्पन्न आठौँ महाधिवेशनबाट महासचिव बनेका पोखरेल नवौँ महाधिवेशनमा पनि उही जिम्मेवारीमा निर्वाचित भएका थिए । दशौँ महाधिवेशनपछि भने उनी पार्टीको वरिष्ठ उपाध्यक्ष बनेका हुन्। आगामी महाधिवेशनमा पोखरेललाई पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको स्पष्ट समर्थन रहेको बताइन्छ । प्रारम्भिक तयारी अनुसार भण्डारीको उपस्थितिमा सार्वजनिक सभामार्फत उम्मेदवारी घोषणा गर्ने योजना भए पनि अन्ततः उनले लिखित वक्तव्यमार्फतै आफ्नो उमेद्वारी सार्वजनिक गरेका हुन्।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन